

# विशेष शिक्षामा अभिभावकका अधिकारहरूको निर्देशिका

## विशेष शिक्षाको प्रक्रियात्मक सुरक्षण सूचना

अप्रिल 2017

Ohio Department of Education

## विशेष शिक्षाको बारेमा

3 देखि 21 वर्ष उमेर समूका विद्यार्थीहरूलाई दिइने विशेष शिक्षा संघीय तथा राज्य आवश्यकताहरूद्वारा मार्गनिर्देशित हुन्छ । संघीय आवश्यकताहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा ऐन (Individuals with Disabilities Education Act, IDEA)) भनिन्छ । राज्यका आवश्यकताहरूलाई अपाङ्गता भएका बालबालिकाहरूको शिक्षाका लागि ओहायो सञ्चालन मापदण्डहरू (ओहायो सञ्चालन मापदण्डहरू) भनिन्छ ।

IDEA र ओहायो सञ्चालन मापदण्डहरू अनुसार यो निर्देशिकाले तपाईंलाई स्वयंको तथा आफ्नो बच्चाको अधिकारहरूका बारेमा बुझ्न मद्दत गर्न सक्छ । यसले तपाईंलाई आफ्नो बच्चाको विशेष शिक्षा सहायता र सेवाहरू बारेमा बुझ्न मद्दत गर्न जानकारी र संसाधनहरू पनि प्रदान गर्न सक्छ ।

तपाईंको स्थानीय स्कूल डिस्ट्रिक्टले पनि तपाईंलाई यस कानून अन्तर्गतका आफ्ना अधिकारहरू बुझ्न मद्दत गर्न सक्छ । यदि तपाईंसँग यो निर्देशिकामा रहेको जानकारीका बारेमा कुनै पनि जिज्ञासाहरू छन् भने कृपया आफ्नो डिस्ट्रिक्टको विशेष शिक्षाका निर्देशकलाई सम्पर्क गर्नुहोस् ।

### विशेष शिक्षाका लागि तपाईंको विद्यालयको सम्पर्क

डिस्ट्रिक्ट: *कृपया यो अन्तर्क्रियात्मक खण्डमा निम्नलिखित जानकारी थप्नुहोस्:*

**विशेष शिक्षा निर्देशक:**

**फोन नम्बर:**

**इमेल ठेगाना:**

### Ohio Department of Education Contact for Special Education (विशेष शिक्षाका लागि ओहायो शिक्षा विभागको सम्पर्क)

(फोन) 614-466-2650

(टोल फ्री) 877-644-6338

(फ्याक्स) 614-728-1097

25 S. Front Street, Mail Stop 409
Columbus, Ohio 43215

Exceptionalchildren@education.ohio.gov

टेलिटाइपराइटर (TTY) प्रयोग गर्ने कलरहरूले कृपया ओहायो रिले सेवालाई (800) 750-0750 मा फोन गर्नुहोस् ।

अतिरिक्त सम्पर्क जानकारी http://bit.ly/2hgiNa1

## अभिभावकहरूको अधिकारहरूका बारेमा यो निर्देशिकाको परिचय

अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा ऐन (IDEA) ले अपाङ्गता भएका विद्यार्थीहरू तथा उनीहरूका अभिभावकहरूका अधिकारहरूलाई सुरक्षित गर्छ । यो निर्देशिकाले तपाईंलाई ती अधिकारहरूको बारेमा बताउँछ । यदि तपाईंको बच्चाले विशेष शिक्षा सेवाहरू प्राप्त गर्छन् भने विद्यालयले तपाईंलाई वर्षको एकपटक यो निर्देशिकाको प्रतिलिपि उपलब्ध गराउनुपर्छ । तपाईंले निम्न अवस्थाहरूमा पनि प्रतिलिपि प्राप्त गर्नुपर्छ:

- यदि तपाईंलाई आफ्नो बच्चामा अपाङ्गता हुनसक्छ जस्तो लागेकाले तपाईंले उनको मूल्याङ्कन गर्न अनुरोध गर्नुभएमा;
- यदि तपाईंको स्कूल डिस्ट्रिक्टलाई तपाईंको बच्चामा अपाङ्गता हुनसक्छ जस्तो लागेकाले स्कूल डिस्ट्रिक्टले उनको मूल्याङ्कन गर्न चाहेमा;
- यदि तपाईंले ओहायो शिक्षा विभागको विशेष किसिमका बालबालिका कार्यालय (Ohio Department of Education's Office for Exceptional Children) मा - लिखित रूपमा - *उजुरी* दायर (पेश) गर्नुभएमा र यो तपाईंको उक्त शैक्षिक वर्षको *पहिलो* उजुरी भएमा;
- यदि तपाईंले आफ्नो बच्चाको शिक्षासँग सम्बन्धित *उचित प्रक्रिया सुनुवाई (due process hearing)* का लागि ओहायो शिक्षा विभागको विशेष किसिमका बालबालिका कार्यालयमा - लिखित रूपमा - अनुरोध दायर (पेश) गर्नुभएमा र तपाईंले त्यस शैक्षिक वर्षमा उक्त कुरा पहिलोपटक अनुरोध गर्नुभएमा;
- यदि तपाईंको बच्चालाई *अनुशासनात्मक (व्यवहार) कारणहरूले विद्यालयबाट हटाइएको* भएमा – र तपाईंको बच्चालाई अहिलेको शैक्षिक वर्षको अवधिमा पहिले नै 10 दिन वा सो भन्दा बढी दिनसम्म हटाइ सकिएको भएमा; वा
- *तपाईंले निर्देशिकाको प्रतिलिपि अनुरोध गर्नुहुने* कुनै पनि समयमा ।



## विषय-सूची

**सामान्य जानकारी ........ 5**

सूचित अभिभावकीय मञ्जुरी
के तपाईंको बच्चा विशेष शिक्षाका लागि योग्य छन् ?
स्वतन्त्र शैक्षिक मूल्याङ्कनहरू
पूर्व लिखित सूचना

**शैक्षिक रेकर्डहरू ........ 10**

रेकर्डहरूको उपलब्धता

**विवाद समाधान ........ 12**

विवाद समाधान प्रक्रिया
प्रारम्भिक उजुरी समाधान
सहजीकरण
मध्यस्थता
राज्य उजुरी दायर गर्ने
राज्य उजुरी प्रक्रिया
उचित प्रक्रिया उजुरी दायर गर्ने
उचित प्रक्रिया टाइमलाइन र प्रक्रिया
उचित प्रक्रिया समाधान
सुनुवाई प्रक्रिया
निर्णय विरुद्ध पुनरावेदन गर्ने
उचित प्रक्रियाको अवधिमा बच्चाको स्थिति
वकीलका शुल्कहरू

**अनुशासन ........ 29**

अपाङ्गता भएका बालबालिकाहरूका लागि अनुशासनात्मक प्रक्रियाहरू
अभिव्यक्ति निर्धारण
अन्तरिम वैकल्पिक शैक्षिक व्यवस्था

**अभिभावकहरूद्वारा सरकारी खर्चमा अपाङ्गता भएका बालबालिकाहरूको निजी विद्यालयमा एकपक्षीय स्थान नियोजन ........ 32**

भरपाई निर्धारण प्रक्रिया

**अपाङ्गता भएका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम बारे अभिभावकलाई सूचना ........ 33**

सूचना कहिले दिइन्छ

# सामान्य जानकारी

## सूचित अभिभावकीय मञ्जुरी

सूचित अभिभावकीय मञ्जुरी (informed parental consent) को अर्थ तपाईं र/वा डिस्ट्रिक्टद्वारा नियुक्त गरिएको सरोगेट (प्रतिनिधि) अभिभावकले स्कूल डिस्ट्रिक्टलाई आवश्यक कदम चाल्न लिखित रूपमा अनुमति दिनुहुन्छ भन्ने हुन्छ । तपाईंको अनुमतिको अर्थ डिस्ट्रिक्टले तपाईंलाई प्रस्तावित कार्यको बारेमा जानकारी दियो भन्ने पनि हुन्छ । तपाईंको बच्चाको स्कूल डिस्ट्रिकले बच्चाको विशेष शिक्षासँग सम्बन्धित निश्चित कार्यहरू गर्नका लागि तपाईंबाट लिखित रूपमा यो अनुमति प्राप्त गर्नुपर्छ । स्कूल डिस्ट्रिक्टले निम्न अवधिमा तपाईंको लिखित अनुमति प्राप्त गर्नुपर्छ:

- डिस्ट्रिक्टले तपाईंको बच्चालाई विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू आवश्यक पर्छन् वा पर्दैनन् भनी जान्नका लागि पहिलोपटक मूल्याङ्कन गर्नुभन्दा अगाडि;
- डिस्ट्रिक्टले तपाईंको बच्चालाई IEP पनि भनिने उनको पहिलो वैयक्तिक शिक्षा कार्यक्रममा सूचीबद्ध गरिएका विशेष शिक्षा सेवाहरू प्रदान गर्न सुरु गर्नुभन्दा अगाडि;
- डिस्ट्रिक्टले तपाईंको बच्चाका आवश्यकताहरू परिवर्तन भएका छन् वा छैनन् भनी जान्नका लागि उनको पुनर्मूल्याङ्कन गर्नुभन्दा अगाडि;
- डिस्ट्रिक्टले तपाईंको बच्चाको अतिरिक्त मूल्याङ्कनहरू सञ्चालन गर्नुभन्दा अगाडि । एउटा उदाहरणमा कार्यात्मक व्यवहार मूल्याङ्कन हुनसक्छ;
- डिस्ट्रिक्टले तपाईंको बच्चाको शैक्षिक स्थान नियोजन (प्लेसमेन्ट) परिवर्तन गर्नुभन्दा अगाडि । यसको अर्थ स्थानमा नै परिवर्तन हुनुपर्छ भन्ने होइन । त्यसको साटो, यसको अर्थ तपाईंको बच्चाको शैक्षिक कार्यक्रममा हुने परिवर्तन हो; र
- डिस्ट्रिक्टले राज्य वा संघीय कानूनमा सूचीबद्ध गरिएका व्यक्तिहरू बाहेक अन्य कसैलाई तपाईंको बच्चासँग सम्बन्धित जानकारी प्रदान गर्नुभन्दा अगाडि ।

### सरोगेट अभिभावक भनेको के हो ?

**सरोगेट वा प्रतिनिधि अभिभावक भनेको विशेष शिक्षा सेवाहरूका लागि योग्य हुने र यी सेवाहरू प्राप्त गर्ने कुरासँग सम्बन्धित सबै मामिलाहरूमा अपाङ्गता भएका बालबालिकाहरूको प्रतिनिधित्व गर्न सक्ने व्यक्ति हो ।**

**तपाईं बसोबास गर्ने ठाउँमा रहेको स्कूल डिस्ट्रिक्टले निम्न मध्ये कुनै अवस्था आइपर्दा त्यसको लागि एकजना सरोगेट अभिभावक नियुक्त गर्दछ:**

- **अभिभावक पहिचान गर्न नसकिएमा;**
- **कैयौं प्रयासहरूका बाबजुद पनि, स्कूल डिस्ट्रिक्टले अभिभावक पत्ता लगाउन नसकेमा;**
- **बच्चा बेसहारा घरबारविहिन व्यक्ति हुन्; वा**
- **बच्चा राज्यको रेखदेखमा छन् ।**

**निम्न मध्ये कुनै अवस्था हुँदा सूचित अभिभावकीय मञ्जुरी आवश्यक पर्दैन:**

- डिस्ट्रिक्टले मूल्याङ्कन/पुनर्मूल्याङ्कन प्रक्रियाको भागको रूपमा विद्यमान विद्यार्थीको जानकारी समीक्षा गर्दा; वा
- डिस्ट्रिक्टले सबै विद्यार्थीहरूका लागि व्यवस्था गरिएका मूल्याङ्कनहरू तपाईंको बच्चासँग सञ्चालन गर्दा ।



**तपाईंको सूचित अभिभावकीय मञ्जुरी प्रदान गर्न, डिस्ट्रिक्टले:**

- तपाईंलाई निर्णय गर्न आवश्यक पर्ने सबै जानकारी प्रदान गर्न यसले तपाईंको मातृभाषा प्रयोग गरेको छ वा तपाईंले बुझ्ने सञ्चारको अर्को रूप प्रयोग गरेको छ भनी निश्चित गर्नुपर्छ;
- डिस्ट्रिक्टद्वारा क्रियाकलाप सञ्चालन गरिन्छ भनी लिखित रूपमा पठाइएको सूचना तपाईंले बुझ्नुहुन्छ र त्यसमा सहमत हुनुहुन्छ र तपाईंको मञ्जुरीले उक्त क्रियाकलापका साथै अरूहरूसँग साझा गरिने तपाईंको बच्चाको कुनै पनि रेकर्डहरू र को-कोसँग साझा गरिनेछ भन्ने कुरालाई व्याख्या गर्छ भनी निश्चित गर्नुपर्छ;
- तपाईंले आफ्नो इच्छा अनुसार मञ्जुरी दिंदै हुनुहुन्छ र कुनै पनि समयमा आफ्नो विचार परिवर्तन गर्न सक्नुहुन्छ भनी बुझ्नुभएको छ भनी निश्चित गर्नुपर्छ;
- यदि तपाईंले आफ्नो मञ्जुरी फिर्ता लिनुभएमा तपाईंले अनुमति दिनुभएको र अनुमति फिर्ता लिनुभएको समय बीचमा डिस्ट्रिक्टले गरेका कुनै पनि कार्यलाई पहिलेको जस्तै बनाउनु पर्दैन भन्ने कुरा तपाईंले बुझ्नुभएको छ भनी निश्चित गर्नुपर्छ ।

## मञ्जुरी फिर्ता

मञ्जुरी फिर्ताको अर्थ तपाईंले आफूले दिएको अनुमति फिर्ता लिनुहुन्छ भन्ने हो । यदि तपाईंले आफ्नो बच्चाको IEP मा अफर गरिएका विशेष शिक्षा सेवाहरूलाई आफ्नो बच्चाले अब उपरान्त प्राप्त नगरोस् भन्ने निर्णय गर्नुभएमा तपाईंले तपाईंले आफ्नो मञ्जुरी कुनै पनि बेला फिर्ता लिन सक्नुहुनेछ । तपाईंले यो मञ्जुरी फिर्ता ***लिखित रूपमा*** गर्नुपर्छ ।

त्यसपछि, तपाईंको स्कूल डिस्ट्रिक्टले:

- तपाईंको बच्चालाई IEP का विशेष शिक्षा सेवाहरू प्रदान गर्न रोक्नुपर्छ तर आफूले सेवाहरू प्रदान गर्न रोक्नु पूर्व डिस्ट्रिक्टले आफूले सेवाहरू रोक्दैछ भनी लिखित रूपमा तपाईंलाई सूचना दिनुपर्छ । डिस्ट्रिक्टले तपाईंलाई दिने सूचनालाई पूर्व लिखित सूचना भनिन्छ । यस पूर्व लिखित सूचनाले यो निर्देशिकाको पृष्ठ 9 को पूर्व लिखित सूचना खण्डमा पहिले नै तय गरिएका आवश्यकताहरू पूरा गर्नुपर्छ ।

एकपटक डिस्ट्रिक्टले तपाईंको बच्चालाई अब उपरान्त विशेष शिक्षा सेवाहरू प्रदान गरिनेछैन भनी उल्लेख गरिएको यो पूर्व लिखित सूचना प्रदान गरेपछि र एकपटक यी सेवाहरू रोकिएपछि, डिस्ट्रिक्टले त्यस उप्रान्त तपाईंको बच्चालाई विशेष शिक्षाका लागि योग्य मान्ने छैन र त्यसको सट्टामा तपाईंको बच्चालाई सामान्य शिक्षाको विद्यार्थी मान्नेछ ।



## के तपाईंको बच्चा विशेष शिक्षाका लागि योग्य छन् ?

योग्य हुनु भनेको सामान्यतया तपाईको बच्चामा एक वा बढी अपाङ्गताहरूको कारण उनलाई निश्चित शैक्षिक सेवाहरू आवश्यक रहेको पत्ता लागेको छ भन्ने हो । अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा ऐन (Individuals with Disabilities Education Act, IDEA) ले अपाङ्गता भएका विद्यार्थीहरूले विशेष शिक्षा र/वा सम्बन्धित सेवाहरू प्राप्त गर्न आवश्यक बनाएको छ । यस कानून अनुसार विद्यार्थीलाई अपाङ्ग मान्नका लागि तपाईको बच्चालाई निम्न अपाङ्गता वर्गहरूमा उनको एक वा बढी अपाङ्गताहरूका कारणले गर्दा विशेष शिक्षा र/वा सम्बन्धित सेवाहरू आवश्यक भएको हुनुपर्छ ।

- बौद्धिक अपाङ्गता;
- श्रवणशक्तिमा कमजोरी;
- बोली वा भाषा सम्बन्धी कमजोरी;
- दृष्टि सम्बन्धी कमजोरी;
- भावनात्मक अशान्ति;
- हाडजोर्नी सम्बन्धी कमजोरी;
- अटिजम;
- आघातमूलक मस्तिष्कको चोटपटक;
- स्वास्थ्य सम्बन्धी अन्य कमजोरी;
- विशिष्ट सिकाइ अपाङ्गता;
- बहिरोपना;
- बहिरा-दृष्टविहिनिता;
- बहु-अपाङ्गताहरू; वा
- विकासजन्य सुस्तता ।

### मातृभाषा वा सञ्चारका अन्य तरिका

**तपाईं उपस्थित हुने सबै बैठकहरू, तपाईंले आफ्नो बच्चाको प्राप्त गर्ने मूल्याङ्कन र सबै सूचनाहरू तपाईंको मातृभाषा वा तपाईंले प्रयोग गर्ने सञ्चारको अन्य माध्यममा लेखिएको वा बोलिएको हुनुपर्छ ।**

**प्रदान वा प्रबन्ध गर्न स्पष्ट रूपमा सम्भव नभएसम्म तपाईंको बच्चाको मूल्याङ्कन गर्न प्रयोग गरिएका सबै जाँच तथा अन्य सामग्रीहरू तपाईंको बच्चाको मातृभाषामा वा - सञ्चारको अर्को माध्यममा हुनुपर्छ जसले तपाईंको बच्चालाई के थाहा छ र शैक्षिक, विकासात्मक र कार्यात्मक रूपमा उनी के गर्न सक्छन् भन्ने बारेमा डिस्ट्रिक्टलाई सही जानकारी प्रदान गर्नेछ ।**

### आफ्नो बच्चाको मूल्याङ्कन गर्न डिस्ट्रिक्टलाई अनुरोध गर्नुहोस्

यदि तपाईलाई आफ्नो बच्चामा अपाङ्गता छ जसले उनको शिक्षामा असर गररिहेको छ भन्ने लाग्छ भने तपाईको बच्चा विशेष शिक्षाका लागि योग्य छन् वा छैनन् (IDEA अन्तर्गत अपाङ्गता भएको बच्चा मान्ने) भनी निर्धारण गर्न तपाईले डिस्ट्रिक्टलाई आफ्नो बच्चाको मूल्याङ्कन गर्न अनुरोध गर्न सक्नुहुन्छ । यदि स्कूल डिस्ट्रिक्टका कर्मचारीहरूलाई तपाईको बच्चालाई विशेष शिक्षा आवश्यक हुन सक्नेछ भन्ने लागेमा डिस्ट्रिक्टले पनि तपाई आफ्नो बच्चाको मूल्याङ्कन गराउन चाहनुहुन्छ भनी कुनै पनि समयमा तपाईलाई सोध्न सक्छ । यी दुइ मध्ये कुनै पनि अवस्थामा, स्कूल डिस्ट्रिक्टले लिखित रूपमा तपाईको अनुमति (मञ्जुरी) प्राप्त गरेपछि यसले 60 क्यालेन्डर दिन भित्रमा प्रारम्भिक (पहिलो) मूल्याङ्कन सकाउनुपर्छ ।

### यदि बच्चा राज्यको रेखदेखमा भएमा

यदि बच्चा ***राज्यको रेखदेखमा भएमा*** र उनी आफ्नो आमाबुबासँग बसोबास गरिरहेका छैनन् भने निम्न अवस्थाहरूमा उक्त बच्चा अपाङ्गता भएको बच्चा हो भनी निर्धारण गर्न प्रारम्भिक मूल्याङ्कनको लागि स्कूल डिस्ट्रिक्टलाई आमाबुबासँग मञ्जुरी लिन आवश्यक हुँदैन:

- आमाबुबा पत्ता लगाउने उचित प्रयासहरू गरिएतापनि स्कूल डिस्ट्रिक्टले बच्चाको आमाबुबालाई भेटाउन नसकेको अवस्थामा;
- आमाबुबाको अधिकार समाप्त भएको अवस्थामा; वा
- न्यायाधीशद्वारा आमाबुबाको अधिकार कुनै व्यक्तिलाई निर्दिष्ट गरिएको अवस्थामा जहाँ उक्त व्यक्तिले प्रारम्भिक मूल्याङ्कनको लागि मञ्जुरी दिनुहुन्छ ।

## स्वतन्त्र शैक्षिक मूल्याङ्कन

स्वतन्त्र शैक्षिक मूल्याङ्कन (Independent Educational Evaluation, IEE) लाई बाहिरी मूल्याङ्कन पनि भनिन्छ । यदि स्कूल डिस्ट्रिक्टले पहिले नै तपाईंको बच्चाको मूल्याङ्कन गरेको छ र डिस्ट्रिक्टले पत्ता लगाएको नतिजासँग तपाईं असहमत हुनुहुन्छ भने मात्र स्कूल डिस्ट्रिक्टले यो बाहिरी मूल्याङ्कनको लागि भुक्तानी गर्नेछ । यसको उद्देश्य भनेको तपाईंको बच्चालाई विशेष शिक्षा आवश्यक छ वा छैन, वा विशेष शिक्षालाई जारी राख्न आवश्यक छ वा छैन भनी पत्ता लगाउनु हो । यस बाहिरी मूल्याङ्कनका लागि तपाईंको बच्चाको मूल्याङ्कन गर्ने व्यक्तिले तपाईंको बच्चाको स्कूल डिस्ट्रिक्टका लागि काम गर्न सक्दैनन् । अभिभावकको रूपमा तपाईंसँग कुनै पनि समयमा आफ्नो बच्चाको बाहिरी मूल्याङ्कनका लागि व्यवस्था मिलाउने र भुक्तान गर्ने अधिकार हुन्छ । एकपटक तपाईंले आफ्नो बच्चाको डिस्ट्रिक्टले गरेको मूल्याङ्कनमा असहमत भएर बाहिरी मूल्याङ्कनको लागि अनुरोध गरेपछि तपाईंको डिस्ट्रिक्टले कुनै अनावश्यक ढिलाई नगरी यी कदमहरू मध्ये एउटा कदम चाल्नुपर्छ:

- तपाईंले आफैंले आफ्नो बच्चाको बाहिरी मूल्याङ्कन कहाँ गराउन सक्नुहुन्छ भन्ने बारेमा स्कूल डिस्ट्रिक्टले तपाईंलाई बताउनुपर्छ र यसका निम्ति डिस्ट्रिक्टले भुक्तानी गर्नको लागि आवश्यक मापदण्ड बारेमा तपाईंलाई सूचित गर्नुपर्छ । एकपटक डिस्ट्रिक्टले सहमती जनाएर तपाईंले बाहिरी मूल्याङ्कन गराइसकेपछि डिस्ट्रिक्टले लागेको खर्चको भुक्तानी गर्नुपर्छ; वा
- बाहिरी मूल्याङ्कनका लागि तपाईंको अनुरोधमा स्कूल डिस्ट्रिक्ट असहमत भएको हुनाले यसले ओहायो शिक्षा विभागको विशेष किसिमका बालबालिका कार्यालयमा उचित प्रक्रिया सुनुवाई (पृष्ठ 21 हेर्नुहोस्) का लागि अनुरोध पेश गर्नुपर्छ । डिस्ट्रिक्टलाई तपाईंको बच्चामा यसले गरेको आफ्नो मूल्याङ्कन उपयुक्त थियो भन्ने लागेकाले डिस्ट्रिक्टले यो अनुरोध पेश गर्नेछ ।

### बाहिरी मूल्याङ्कनहरूका लागि मापदण्डहरू

डिस्ट्रिक्टले सञ्चालन गर्ने मूल्याङ्कनहरूमा लागू हुने समान मापदण्डहरू नै अभिभावकहरूले व्यवस्था मिलाउने र डिस्ट्रिक्टले भुक्तानी गर्ने बाहिरी मूल्याङ्कनहरूमा पनि लागू हुन्छ । यी मापदण्डहरूमा तपाईंको बच्चा मूल्याङ्कनको लागि जाने ठाउँ र तपाईंको बच्चाको परीक्षण गर्ने व्यक्तिको अनुभव पनि समावेश हुन्छ । डिस्ट्रिक्टको मापदण्डहरू पूरा गर्ने बाहिरी मूल्याङ्कनमा लागेको पूरा खर्चको डिस्ट्रिक्टले भुक्तानी गर्नुपर्छ ।

यदि तपाईंले आफ्नो बच्चाको लागि बाहिरी मूल्याङ्कन अनुरोध गर्नुभएमा डिस्ट्रिक्टले तपाईं डिस्ट्रिक्टले तपाईंको बच्चाको गरेको मूल्याङ्कनमा ***किन*** असहमत हुनुहुन्छ भनेर सोध्न सक्नेछ (यसको अर्थ, बाहिरी मूल्याङ्कन चाहनुका तपाईंका कारणहरू), तर तपाईं कारण बताउन चाहनुहुन्न भने तपाईंले त्यसो गर्नुपर्दैन । डिस्ट्रिक्टले जति पटक तपाईंको बच्चाको मूल्याङ्कन गर्छ र तपाईंले डिस्ट्रिक्टको उक्त मूल्याङ्कन नतिजाहरूमा असहमति जनाउनुहुन्छ भने तपाईंसँग डिस्ट्रिकले गर्ने  एउटा मूल्याङ्कनको निम्ति एउटा बाहिरी मूल्याङ्कनको लागि मात्र डिस्ट्रिक्टले भुक्तानी गरिदिने अधिकार हुन्छ ।

भुक्तानी जसले गरेपनि तपाईंको बच्चाको एकपटक डिस्ट्रिक्टका मापदण्डहरू पूरा गर्ने बाहिरी मूल्याङ्कन गरिएपछि, डिस्ट्रिक्टले उक्त मूल्याङ्कनका नतिजाहरूलाई मान्नुपर्छ र यसले तपाईंको बच्चालाई नि:शुल्क उपयुक्त सरकारी शिक्षा (Free Appropriate Public Education, FAPE) कसरी प्रदान गर्नेछ भनी निर्धारण गर्नुपर्छ ।

**तपाईंले बाहिरी मूल्याङ्कनको लागि अनुरोध गर्दा हुने विभिन्न परिदृश्यहरूलाई तलको चार्टले देखाउँछ**



## पूर्व लिखित सूचना

### संक्षिप्त विवरण

स्कूल डिस्ट्रिक्टले आफूले निश्चित कदमहरू चाल्न प्रस्ताव गर्नु वा अस्वीकार गर्नुभन्दा अगाडि उचित समय भित्र तपाईंलाई लिखित सूचना (पूर्व लिखित सूचना (prior written notice) भनिने) प्रदान गर्नुपर्छ । यी कदमहरूमा डिस्ट्रिक्टले बच्चाको पहिचान, मूल्याङ्कन वा शैक्षिक स्थान नियोजन वा तपाईंको बच्चालाई दिइने नि:शुल्क उपयुक्त सरकारी शिक्षाको प्रावधानलाई सञ्चालन वा परिवर्तन गर्ने जस्ता कुराहरू पर्दछन् । पूर्व लिखित सूचना भनेको आवश्यक विशेष शिक्षा फाराम हो ।

### पूर्व लिखित सूचनाका विषयवस्तु

पूर्व लिखित सूचनाले तपाईंलाई आफ्नो बच्चाका शैक्षिक सेवा सम्बन्धी निर्णयहरूमा सूचित तरिकाद्वारा सहभागी हुनका लागि पर्याप्त विवरण उपलब्ध गराउनुपर्छ । विशेषगरी, पूर्व लिखित सूचनामा यो पृष्ठ सँगै रहेको बाकसमा उल्लिखित निश्चित विषयवस्तुहरू समावेश हुनुपर्छ ।

### बुझ्न सकिने भाषामा पूर्व लिखित सूचना

पूर्व लिखित सूचना आम मानिसले बुझ्न सक्ने भाषामा उपलब्ध गराइनुपर्छ र यो सूचना स्पष्ट रूपमा बुझ्नको लागि व्यवहारिक नहुँदासम्म यसलाई तपाईंको मातृभाषा वा सञ्चारको अन्य माध्यममा पनि लेखिनुपर्छ ।

यदि अभिभावकको मातृभाषा वा सञ्चारको अन्य माध्यम लिखित भाषा ***नभएको*** अवस्थामा, डिस्ट्रिक्टले पूर्व लिखित सूचनालाई मौखिक रूपमा वा अन्य बुझ्न सकिने तरिकाबाट अभिभावकको मातृभाषा वा सञ्चारको अन्य माध्यममा अनुवाद गर्ने कदमहरू चाल्न आवश्यक हुन्छ । डिस्ट्रिक्टले पूर्व लिखित सूचनालाई उपयुक्त रूपमा अनुवाद गरिएको थियो र यसका सामग्रीहरूलाई अभिभावकले बुझ्नुभयो भनी लिखित रूपमा देखाउन सक्ने कुरा सुनिश्चित गर्न आवश्यक पर्नेछ ।

**पूर्व लिखित सूचनामा निम्न कुराहरू समावेश हुनुपर्छ:**

- डिस्ट्रिक्टद्वारा प्रस्तावित वा अस्वीकृत गरिएको कार्यवाहीको विवरण;
- डिस्ट्रिक्टले किन उक्त कार्यवाही गर्न प्रस्ताव वा अस्वीकार गर्छ भन्ने बारेमा स्पष्टीकरण;
- स्कूलले आफ्नो निर्णय गर्न प्रयोग गरेका हरेक मूल्याङ्कन कार्यविधि, मूल्याङ्कन, रेकर्ड वा प्रतिवेदनको विवरण;
- अभिभावकहरूले IDEA को प्रक्रियागत सुरक्षा उपायहरू अन्तर्गत सुरक्षा पाएका छन् भन्ने कुराको कथन र सूचना मूल्याङ्कनको लागि प्रारम्भिक सिफारिस होइन भने अभिभावकले प्रक्रियागत सुरक्षा उपायहरूको विवरण प्राप्त गर्न सक्ने माध्यम;
- IDEA अन्तर्गतका आवश्यकताहरू बुझ्नमा सहायताका निम्ति सम्पर्क गर्न अभिभावकहरूका लागि संसाधनहरू;
- IEP टोलीले विचार गरेका अन्य विकल्पहरू रती विकल्पहरू किन अस्वीकार गरिए भन्ने कुराका कारणहरूको विवरण;
- डिस्ट्रिक्टको प्रस्ताव वा अस्वीकारसँग सम्बन्धित अन्य कारक तत्वहरूको विवरण ।



# शैक्षिक रेकर्डहरू

## रेकर्डहरूको उपलब्धतामा

परिवारको शैक्षिक अधिकार तथा गोपनीयता ऐन (Family Educational Rights and Privacy Act, (FERPA)) भनेको अभिभावकहरूलाई आफ्ना बच्चाका शैक्षिक रेकर्डहरू निरीक्षण तथा समीक्षा गर्नका लागि निश्चित अधिकारहरू प्रदान गर्ने संघीय कानून हो । विद्यार्थी 18 वर्ष पुग्दा वा पोस्ट सेकेण्डरी स्कूल (उदाहरणको लागि कलेज वा विश्वविद्यालय) मा अध्ययन गर्न सुरु गर्दा, जुनसुकै पहिले भएपनि, FERPA अन्तर्गका अधिकारहरू अभिभावकहरूबाट विद्यार्थीमा स्थानान्तर हुन्छन् ।

### शैक्षिक रेकर्डहरू भनेका के हुन् ?

विद्यार्थीसँग सम्बन्धित निश्चित जानकारी FERPA द्वारा संरक्षित हुन्छन् वा हुन्नन् भन्ने कुरा उक्त सामग्रीले शैक्षिक रेकर्डको अर्थ खुलाउँछ वा छुलाउँदैन भन्ने कुरामा निर्भर रहन्छ । FERPA ले शैक्षिक रेकर्डहरूलाई निम्नानुसार परिभाषित गर्छ:

1. प्रत्यक्ष रूपमा एउटा विशिष्ट विद्यार्थीसँग सम्बन्धित रेकर्डहरू । कहिलेकाहीं विद्यालयले यसलाई व्यक्तिगत रूपमा पहिचान योग्य जानकारी भन्छ; र
2. शैक्षिक निकाय वा संस्था (उदाहरणको लागि, तपाईंको स्कूल डिस्ट्रिक्ट) वा उक्त निकायका लागि कार्य गर्ने पक्षले राख्ने रेकर्डहरू ।

### रेकर्डहरूको संरक्षण र गोपनीयता

शैक्षिक रेकर्डहरूलाई धेरै तरिकारहरूमा संरक्षण गरेर राख्न सकिन्छ । केही उदाहरणहरू निम्न रहेका छन्:

- हस्तलिखित;
- प्रिन्ट गरिएको;
- कम्प्युटर;
- भिडियो वा अडियो टेप; वा
- चलचित्र, माइक्रोफिल्म वा माइक्रोफिच

विद्यार्थीका रेकर्डहरू गोपनीय हुन्छन्, अर्थात् तिनीहरू ***निजी हुन्छन्*** । स्कूल डिस्ट्रिक्ट वा निकायले तपाईंको बच्चाको व्यक्गित जानकारी सङ्कलन, भण्डार, प्रकाशन वा नष्ट गर्दा उनको गोपनीयतालाई सुरक्षित राख्नुपर्छ ।

### तपाईंको बच्चाका रेकर्डहरूको समीक्षा गर्ने

स्कूल डिस्ट्रिक्टले अनावश्यक ढिलाइ नगरी तथा तपाईं संलग्न रहनुभएको कुनै पनि IEP टोली बैठक वा कुनै उचित प्रक्रिया कार्यवाहीलाई अगाडि बढाउनुभन्दा अगाडि नै तपाईंलाई आफ्नो बच्चाका शैक्षिक रेकर्डहरू समीक्षा गर्न अनुमति दिनुपर्छ । डिस्ट्रिक्टले आफूलाई रेकर्डहरू हेर्न अनुमति दिन तपाईंले  गरेको अनुरोधको मितिबाट 45 दिन भन्दा बढी समय तपाईंलाई प्रतिक्षा गर्न गराउन सक्दैन ।

तपाईंसँग ***आफ्नो*** बच्चासँग सम्बन्धित रेकर्डको जानकारी मात्र समीक्षा गर्ने अधिकार हुन्छ । तपाईंसँग विद्यालयमा भएका आफ्नो बच्चाका रेकर्डहरूका बारेमा स्पष्टीकरण सोध्ने अधिकार हुन्छ । तपाईंसँग तपाईंको तर्फबाट काम गर्ने अन्य कोही व्यक्ति (जस्तै कि साथी वा वकील) लाई रेकर्डहरूको जाँच गराउन लगाउने अधिकार हुन्छ ।

डिस्ट्रिक्टले तपाईंको बच्चाका रेकर्डहरूका प्रतिलिपिहरू तपाईंलाई उपलब्ध गराउन सक्छ; यद्यपि, प्रतिलिपिहरू उपलब्ध गराउन असफल हुँदा यसले तपाईंलाई रेकर्डहरूको समीक्षा गर्ने आफ्ना अधिकारहरू प्रयोग गर्नबाट रोक्छ भने डिस्ट्रिक्टले तपाईंलाई रेकर्डका प्रतिलिपिहरू उपलब्ध ***गराउनैपर्छ*** । तपाईंसँग आफ्नै खर्चमा रेकर्डहरूको प्रतिलिपिहरू प्राप्त गर्ने अधिकार सधैं हुन्छ ।

**व्यक्तिगत रूपमा पहिचान योग्य सूचनामा निम्न कुराहरू समावेश हुन्छन्:**

- तपाईंको बच्चाको नाम;
- परिवारका एकजना सदस्यको नाम;
- तपाईंको बच्चाको ठेगाना वा परिवारको ठेगाना;
- व्यक्तिगत पहिचान, जस्तै कि तपाईंको बच्चाको सामाजिक सुरक्षा नम्बर, विद्यार्थी नम्बर वा बायोमेट्रिक रेकर्ड;
- तपाईंको बच्चाको पहिचान खुलाउने अन्य अप्रत्यक्ष तरिकारहरू, जस्तै कि जन्म मिति, जन्म स्थान, आमाको विवाह पूर्वको नाम, जाति वा जातीयता;
- सान्दर्भिक परिस्थितिहरूको व्यक्तिगत ज्ञान नभएको विद्यालय समुदायको मनासिब व्यक्तिलाई उपयुक्त निश्चितताका साथ विद्यार्थीलाई पहिचान गर्न अनुमति दिने विशिष्ट विद्यार्थीसँग एकल वा संयुक्त रूपमा सम्बन्धित रहेको वा सम्बन्धित हुनसक्ने अन्य जानकारी;
- विद्यालयलाई तपाईंको बच्चाको पहिचान गर्ने ज्ञान छ जस्तो लाग्नेव्यक्तिले अनुरोध गरेको जानकारी; वा
- FERPA मा परिभाषित गरिए अनुसार अन्य उदाहरणहरू ।



## शैक्षिक रेकर्डहरूमा परिवर्तन

तपाईंसँग आफ्नो बच्चाका शैक्षिक रेकर्डहरूमा रहेका गलत वा भ्रामक जानकारीहरू परिवर्तन गर्न डिस्ट्रिक्टलाई अनुरोध गर्ने अधिकार हुन्छ । तपाईंको बच्चाको विद्यालयले तपाईंको अनुरोध (तपाईंले अनुरोध गरेको कारणले मात्र) बमोजिम नै शैक्षिक रेकर्डहरूलाई परिवर्तन गर्न जरूरी छैन तर विद्यालयले तपाईंको अनुरोध बारे ***विचार***गर्नुपर्छ । यदि विद्यालयले तपाईंद्वारा अनुरोध गरिए अनुसार तपाईंको बच्चाको रेकर्डमा परिवर्तन नगर्ने निर्णय गर्छ भने विद्यालयले तपाईंसँग उक्त मामिलाको बारेमा कुरा गर्न सुनुवाईको लागि अधिकार छ भनी तपाईंलाई बताउनुपर्छ ।

सुनुवाई पश्चात, यदि विद्यालयले अझै पनि शैक्षिक रेकर्डलाई परिवर्तन नगर्ने निर्णय गर्छ भने तपाईंसँग आफ्नो बच्चाको रेकर्डको मामिलामा आफ्नो कथन समावेश गर्ने अधिकार हुन्छ । यो कथन तपाईंको बच्चाको रेकर्डको भागको रूपमा रहनुपर्छ । ***यदि रेकर्डहरूमा गलत जानकारी भएमा मात्र*** आफ्नो बच्चाको रेकर्डमा कथन समावेश गर्ने विकल्प मान्य रहन्छ । तपाईंले उक्त कथनलाई आफ्नो बच्चाले प्राप्त गरेको ग्रेड, व्यक्तिको विचार वा विद्यालयले तपाईंको बच्चाको सम्बन्धमा गरेको मूल निर्णयलाई चुनौती दिनको लागि प्रयोग गर्न सक्नुहुन्न ।

## शैक्षिक रेकर्डहरूको आदानप्रदान

सामान्यतया, यदि स्कूल डिस्ट्रिक्टले तपाईंको बच्चाको पहिचान गर्न सकिने शैक्षिक रेकर्डहरू तपाई बाहेक अन्य कसैसँग साझा गर्न चाहेमा डिस्ट्रिक्टले तपाईंको लिखित अनुमति प्राप्त गरेको हुनुपर्छ । यद्यपि, डिस्ट्रिक्टलाई तपाईंको अनुमति आवश्यक नपर्ने केही अवस्थाहरू छन् । डिस्ट्रिक्टलाई रेकर्डहरू साझा गर्नको निम्ति तपाईंको लिखित अनुमति आवश्यक ***नपर्ने*** अवस्थाहरूका बारेमा अझ बढी थाहा पाउनको लागि अमेरिकी शिक्षा विभागको वेबसाइट www.ed.gov मा रहेको FERPA को अभिभावकहरूका लागि साधारण मार्गदर्शन हेर्नुहोस् ।



# विवाद समाधान

## विवाद समाधान प्रक्रिया

यदि तपाईं आफ्नो अपाङ्गता भएको बच्चाको शिक्षाको बारेमा चिन्तित हुनुहुन्छ भने तपाईंले चाल्नुपर्ने पहिलो कदम भनेको आफ्नो स्कूल डिस्ट्रिक्टसँग मिलेर कार्य गर्नु हो । सुरु गर्नको लागि, सबैभन्दा पहिला आफ्नो बच्चाको शिक्षक वा आफ्नो डिस्ट्रिक्टको विशेष शिक्षा निर्देशकलाई सम्पर्क गर्नुहोस् । तपाईंले के सोच्दै हुनुहुन्छ भनेर उहाँलाई बताउनुहोस् । यदि तपाईं र डिस्ट्रिक्ट तपाईंको चिन्ताको विषयमा सहमत हुनुहुन्न भने तपाईंहरूले समस्या समाधान गर्नको लागि मिलेर काम गर्न सक्ने तरिकाहरू छन् ।

यी प्रक्रियाहरूको तपाईंको स्कूल डिस्ट्रिक्टले प्रयोग गर्न सक्ने औपचारिक नामहरू छन् तर यो निर्देशिकाले तपाईंलाई ती नामहरूको अर्थ के हो र तपाईं तथा विद्यालयले तपाईंको बच्चालाई कसरी मद्दत गर्न सक्नुहुन्छ भनी बुझ्नमा मद्दत गर्नेछ । निम्नलिखित खण्डले तपाईंले आफ्नो डिस्ट्रिक्टसँग कार्य गर्न सक्ने प्रक्रिया तथा विधिहरूको बारेमा व्याख्या गर्छ ।

### प्रशासनिक समीक्षा

यदि तपाईंले डिस्ट्रिक्टको आफ्नो अपाङ्गता भएको बच्चाको शिक्षासँग सम्बन्धित निर्णयमा असहमति जनाउनुभएमा तपाईंले डिस्ट्रिक्ट प्रशासनमा उजुरी पेश गर्न सक्नुहुन्छ । त्यसको जवाफमा, तपाईंको डिस्ट्रिक्ट सुपरिटेन्डेन्ट (वा तोकिएका व्यक्ति) ले प्रशासनिक समीक्षा सञ्चालन गर्नेछन् । यो समीक्षामा प्रशासनिक सुनुवाई पनि समावेश भएको हुनसक्छ ।

समीक्षा तथा प्रशानिक सुनुवाई मध्ये कुनै एक आयोजना गरिएमा सबै आवश्यक सहभागीहरूका लागि उपयुक्त समय तथा स्थानमा आयोजना गरिनुपर्छ । तपाईं तथा डिस्ट्रिक्ट दुवैले समीक्षा वा प्रशासनिक सुनुवाईमा उपस्थित हुनको लागि अरूहरूलाई आमन्त्रण गर्न सक्नुहुन्छ । उदाहरणको लागि, तपाईंले परिवारका अन्य सदस्यहरू वा साथी, विशेष शिक्षाको बारेमा ज्ञान भएको अन्य कोही व्यक्ति वा वकीललाई आमन्त्रण गर्न सक्नुहुन्छ । यदि तपाईंको बच्चा विकासात्मक अपाङ्गताहरूको काउण्टी बोर्ड वा अन्य सरकारी शैक्षिक निकायद्वारा सञ्चालित कार्यक्रममा अध्ययनरत छन् भने डिस्ट्रिक्टले बोर्ड वा निकायसँग प्रशासनिक समीक्षाको लागि परामर्श लिनुपर्छ ।

अवस्थाको समीक्षा गर्दा, तपाईंको बच्चाको शिक्षासँग सम्बन्धित असहमतिलाई समाधान गर्न हरेक प्रयास गरिनुपर्छ । सुपरिटेन्डेन्ट (वा तोकिएका व्यक्ति) ले असहमतिका दुवै पक्षहरूलाई सुनेर निर्णय लिनेछन् । एकपटक निर्णयमा पुगिसकेपछि, सुपरिटेन्डेन्टले तपाईंलाई उक्त निर्णयको बारेमा लिखित रूपमा सूचित गर्नुपर्छ । यो तपाईंले डिस्ट्रिक्टलाई आफ्नो चिन्ताको बारेमा सूचित गर्नुभएको मितिबाट 20 दिन भित्रमा हुनुपर्छ ।

### तपाईंले प्रयास गर्न सक्ने अन्य प्रक्रियाहरू

यदि तपाईंले यो प्रक्रिया पूरा गर्नुभएको छ र तपाई तथा स्कूल डिस्ट्रिक्ट अझै पनि समस्याको समाधान गर्ने तरिकामा सहमत हुनुहुन्न भने तपाईंले प्रयास गर्न सक्ने थप प्रक्रियाहरू छन् । तपाईंले अन्य विवाद समाधान प्रक्रिया (dispute resolution process) हरूमा अगाडि बढ्नुभन्दा पहिले प्रशासनिक समीक्षा अनुरोध गर्न आवश्यक नभएतापनि त्यसो गर्न तपाईंलाई प्रोत्साहित गरिन्छ । तपाईंले समस्या समाधान गर्नको लागि प्रयोग गर्न सक्ने अतिरिक्त विकल्पहरू छन् । ओहायो शिक्षा विभागको विशेष किसिमका बालबालिका कार्यालयले तपाईंलाई तपाईंले आफ्ना चिन्ताहरू समाधान गर्न मद्दतका लागि गर्नुभएको अतिरिक्त विधिहरूको अनुरोधमा संलग्न हुन र तपाईंलाई सहायता गर्न सक्छ । निम्नलिखित संस्थाहरूले पनि तपाईंलाई मद्दत गर्न सक्छन्:

- तपाईंको स्थानीय राज्य सहायता टोली (क्षेत्र #____________) लाई (फोन # ________________________) मा । राज्य सहायता टोलीका अभिभावक तथा पारिवारिक परामर्शदाताले तपाईंसँग मिलेर कार्य गर्नेछन् ।
- यदि तपाईंको स्कूल डिस्ट्रिक्टसँग स्थानीय अभिभावक मेन्टर हुनुहुन्छ भने उहाँले ।
  - अभिभावक मेन्टरले अपाङ्गता भएको बच्चाको परिवार तथा स्कूल डिस्ट्रिक्टहरूलाई जानकारी तथा सहायता उपलब्ध गराउनुहुन्छ । अभिभावक मेन्टर भनेका डिस्ट्रिक्टका कर्मचारी तथा अपाङ्गता भएको बच्चाको अभिभावक पनि हुन् ।
  - थप जानकारीका लागि ________________________________________ लाई सम्पर्क गर्नुहोस् ।
- अपाङ्गता भएका बालबालिकाहरूका शिक्षाका लागि ओहायो गठबन्धन (Ohio Coalition for the Educational of Children with Disabilities, OCECD)
  - OCECD भनेको राज्यव्यापी गैर-नाफामूलक संगठन हो जसले ओहायोमा बस्ने अपाङ्गता भएका शिशु, बच्चा, बालबालिका तथा युवाका परिवारहरू तथा उनीहरूलाई सेवा उपलब्ध गराउने शिक्षक तथा एजेन्सीहरूलाई सेवा प्रदान गर्छ । OCECD कार्यक्रमहरूले अभिभावकहरूलाई आफ्ना बालबालिकाका सबै शैक्षिक व्यवस्थाहरूमा जानकारी प्राप्त गर्न तथा प्रभावकारी प्रतिनिधिहरू बन्न मद्दत गर्छन् ।
  - थप जानकारीको लागि, OCECD लाई (740) 382-5452 मा सम्पर्क गर्नुहोस् वा OCECD को वेबसाइट: www.ocecd.org मा जानुहोस् ।

## प्रारम्भिक उजुरी समाधान

तपाईंले आफ्ना भिन्नताहरूलाई स्कूल डिस्ट्रिक्टसँग आफूले विवाद समाधानका अन्य विकल्पहरूको उपयोग गर्न सुरु गर्नुअघि अनौपचारिक तथा वास्तिविक रूपमा समाधान गर्न प्रयत्न गर्नु नै प्रारम्भिक उजुरीको समाधान (early complaint resolution) हो । ओहायो शिक्षा विभागको विशेष किसिमका बालबालिका कार्यालयको कुनै कर्मचारी तपाईंको बच्चाको शिक्षाको बारेमा तपाईंका प्रश्न तथा चिन्ताहरूलाई सम्बोधन गर्नमा मद्दत गर्न तपाईंसँग काम गर्नेछन् ।

ओहायो शिक्षा विभागले तपाईंले लिखित उजुरी वा उचित प्रक्रिया सुनुवाईहरू जस्ता थप औपचारिक प्रक्रियाहरूको लागि अनुरोध गर्नुअघि प्रारम्भिक उजुरी समाधानको लागि प्रोत्साहित गर्छ । तपाईंले आफ्नो बच्चाको शिक्षा बारेका प्रश्न तथा चिन्ताहरूलाई सम्बोधन गर्नमा मद्दत गर्न ओहायो शिक्षा विभागको विशेष किसिमका बालबालिका कार्यालयमा कुनै कर्मचारीलाई सम्पर्क गर्न सक्नुहुन्छ । प्रारम्भिक उजुरी समाधानको बारेमा कसैसँग कुराकानी गर्न कृपया विभागलाई निम्नानुसार सम्पर्क गर्नुहोस्:

- टेलिफोन मार्फत: (614) 466-2650 वा टोल फ्रि (877) 644-6338 मा; वा
- इमेल मार्फत: exceptionalchildren@education.ohio.gov मा ।

## सहजीकरण

यदि तपाईं आफ्नो बच्चाको विशेष शिक्षाको मूल्याङ्कन वा पुनर्मूल्याङ्कनको बारेमा वा बच्चाको वैयक्तिक शिक्षा कार्यक्रम (IEP) को बारेमा चिन्तित हुनुहुन्छ भने सहजीकरण (facilitation) भनिने विकल्पले तपाईंको लागि काम गर्न सक्नेछ ।

तपाईंले आफ्नो बच्चाको मूल्याङ्कन वा IEP टोली (तपाईं पनि टोली सदस्य हुनुहुन्छ) बैठकमा उपस्थित हुन विभागलाई सहजकर्ताको व्यवस्था मिलाउन अनुरोध गर्नुभएको खण्डमा सहजीकरणले काम गर्छ । स्कूल डिस्ट्रिक्टले पनि विभागलाई तपाईंको बच्चाको विशेष शिक्षामा संलग्न यी बैठकहरू मध्ये कुनैमा सहजकर्ताका लागि अनुरोध गर्न सक्नेछ । बैठकमा सहजकर्ताको उपस्थितिका लागि तपाईं र डिस्ट्रिक्ट दुवै सहमत हुनुपर्छ ।

### सहजीकरणको प्रयोजन

वैयक्तिक शिक्षा कार्यक्रमको टोली बैठक, मूल्याङ्कन योजना निर्माण बैठक वा मूल्याङ्कन टोली बैठक जस्ता टोली बैठकमा सहजीकरण हुन्छ । सहजकर्ता तटस्थ, तेस्रो पक्ष हो जो टोलीको सदस्य हुन्नन् र जसले टोलीको लागि निर्णय गर्दैनन् । सहजकर्ता हुनाले टोलीलाई उत्पादनशील बनाउन र विद्यार्थीमा केन्द्रित रहन मद्दत गर्छ । सहजकर्ताहरू भनेका पेशेवर मध्यस्थकर्ताहरू हुन् जो विशेष शिक्षा प्रक्रियाहरूमा विशेष किसिमका बालबालिका कार्यालय (Office for Exceptional Children) बाट प्रशिक्षित भएका हुन्छन् ।

तपाईंले कुनै पनि समय सहजीकरणका लागि अनुरोध गर्न सक्नुहुन्छ । एकपटक सहजीकरणका लागि अनुरोध गरिएपछि, तपाईं र स्कूल डिस्ट्रिक्ट दुवै प्रक्रियामा सहभागी हुन सहमत हुनुपर्छ । यदि तपाईंहरू दुवै सहमत हुनुभएमा विशेष किसिमका बालबालिका कार्यालयले बैठकलाई निर्देशित गर्न तपाईंलाई सहजकर्ताको छनोटहरू दिनेछ । यदि तपाईं र डिस्ट्रिक्ट सहजकर्तामा सहमत हुन नसक्नुभएमा कार्यालयले तपाईंहरूका लागि एकजना सहजकर्ता नियुक्त गर्नेछ । सहजीकरणका लागि तपाईं वा डिस्ट्रिक्टलाई कुनै खर्च लाग्दैन ।

**सहजकर्ता:**

- तटस्थ तेस्रो पक्ष (कसैको पक्ष नलिने वा तपाईं वा डिस्ट्रिक्टको लागि काम नगर्ने) को रूपमा रहन्छन्;
- पेशागत रूपमा प्रशिक्षित ***मध्यस्थकर्ता*** (विवादहरू समाधान गर्न मद्दत गर्ने योग्यताप्राप्त व्यक्ति) हुन्छन्;
- विशेष शिक्षाका कानून तथा आवश्यकताहरूका बारेमा प्रशिक्षित भएको र तिनीहरूको बारेमा जानेको हुन्छन्;
- तपाईंको बच्चाको IEP वा मूल्याङ्कन टोलीको भाग हुँदैनन्;
- निर्णयहरू गर्दैनन् तर टोलीलाई समाधानहरू पत्ता लगाउन मार्गदर्शन गर्छन्;
- तपाईं र डिस्ट्रिक्टका बीचमा खुलेर कुराकानी गर्न मद्दत गर्छन्;
- बैठकलाई ट्र्याकमा राख्न र प्रक्रियामा सबैलाई शिष्ट बनाएर राख्न मद्दत गर्छन्; र
- टोलीलाई तपाईंको बच्चा तथा बच्चाका आवश्यकताहरूमा केन्द्रित राख्छन् ।



**सहजीकरणको बारेमा सम्झनुपर्ने मुख्य बुँदाहरू:**

- **सहजीकरण स्वेच्छिक हुन्छ ।**
  - अभिभावक र स्कूल डिस्ट्रिक्ट दुवै यसलाई प्रक्रियाको भागको रूपमा राख्न सहमत हुनुपर्छ । यदि अभिभावक र डिस्ट्रिक्टले बैठकमा सहजकर्तालाई राख्न सहमति जनाएमा यसको अर्थ तपाईंले बैठकमा डिस्ट्रिक्टले भनेका कुरामा सहमत हुनुपर्छ वा बैठक कसरी अगाडि बढ्छ भन्नेमा सहमत हुनुपर्छ भन्ने होइन । अभिभावकहरूलाई आफ्ना विचारहरू प्रस्तुत गर्न सधैं अनुमति दिइएको हुन्छ ।
- **सहजीकरणको बेलामा भएका कुनै पनि सम्झौता सामान्यतया बन्धनकारी हुन्छ । यसको अर्थ आपसी सहमतिमा निर्णय गरिएपछि अभिभावक र डिस्ट्रिक्टले उक्त सम्झौताको पालना गर्नुपर्छ ।**
  - तपाईंको बच्चाको मूल्याङ्कन वा IEP मा अभिभावक र डिस्ट्रिक्टद्वारा हस्ताक्षर गरिएको कागजातलाई उनीहरूले अन्य IEP वा मूल्याङ्कन टोली बैठकमा हस्ताक्षर गरिएका कागजातहरू झैं समान महत्त्व दिइन्छ ।

सहजीकरणको बारेमा थप जानकारीको लागि, ओहायो शिक्षा विभागको वेबसाइट education.ohio.gov मा जानुहोस् र ***सहजीकरण*** खोज्नुहोस् ।

### सहजीकरणका लागि अनुरोध गर्न

तपाईंको स्कूल डिस्ट्रिक्ट यो प्रक्रियामा सहभागी हुन इच्छुक छ वा छैन भनी जान्नका लागि आफ्नो स्कूल डिस्ट्रिक्टको विशेष शिक्षा निर्देशक ______________________________ लाई ______________________________ मा सम्पर्क गर्नुहोस् । एकपटक दुवै पक्षहरू सहजीकरणका लागि सहमत भएपछि, कृपया ओहायो शिक्षा विभागको विशेष किसिमका बालबालिका कार्यालयमा निम्नानुसार सम्पर्क गर्नुहोस्:

- टेलिफोन मार्फत: (614) 466-2650 वा टोल फ्रि (877) 644-6338 मा; वा
- इमेल मार्फत: exceptionalchildren@education.ohio.gov मा ।

## मध्यस्थता

मध्यस्थता (mediation) भनेको अभिभावक र स्कूल डिस्ट्रिक्ट अपाङ्गता भएको विद्यार्थी वा ***अपाङ्गता भएको*** हुनसक्ने शंका गरिएका विद्यार्थीको शिक्षाको बारेमा आफूहरूलाई सम्झौतामा पुग्नका लागि मद्दत गर्न तटस्थ तेस्रोपक्षलाई बैठकमा उपस्थित गराउनमा सहमतिमा पुग्नु हो । मध्यस्थकर्ता पनि भनिने तेस्रो पक्ष भनेका त्यस्ता व्यक्ति हुन् जसले कसैको पक्ष लिँदैनन् र कसैको पक्षमा काम गर्दैनन् वा अभिभावक वा डिस्ट्रिक्टको तर्फबाट काम गर्दैनन् । तपाईंको बच्चाको विशेष शिक्षामा कुनै पनि समयमा असहमति भएमा अभिभावक र डिस्ट्रिक्टहरूका लागि मध्यस्थता एउटा रोजाइ हो ।



### मध्यस्थता नि:शुल्क हुन्छ र यसका लागि कुनै पनि समयमा अनुरोध गर्न सकिन्छ

मध्यस्थताका लागि कुनै पनि समयमा अनुरोध गर्न सकिन्छ । एकपटक मध्यस्थताका लागि अनुरोध गरिएपछि, तपाईं र स्कूल डिस्ट्रिक्ट दुवै प्रक्रियामा सहभागी हुन सहमत हुनुपर्छ । यदि तपाईंहरू दुवै सहभागी हुन सहमत हुनुभएमा विशेष किसिमका बालबालिका कार्यालयले मध्यस्थता बैठकलाई निर्देशित गर्न तपाईंलाई मध्यस्थकर्ताको छनोटहरू दिनेछ । यदि तपाईं र डिस्ट्रिक्ट मध्यस्थकर्तामा सहमत हुन नसक्नुभएमा तपाईंहरूका लागि OEC ले एकजना मध्यस्थकर्ता नियुक्त गर्नेछ । मध्यस्थकर्ताले तपाईंको बच्चाको विशेष शिक्षासँग सम्बन्धित समस्यालाई तपाईंले कसरी समाधान गर्नुपर्छ भनेर तपाईंलाई बताउन सक्दैनन् । बरु, मध्यस्थकर्ताले तपाईंको बच्चासँग सम्बन्धित सरोकारका विषयहरूमा दुवै पक्षहरूलाई छलफल गर्न मद्दत गर्छन् ।

यदि तपाईंले औपचारिक उजुरी दिने वा उचित प्रक्रिया सुनुवाईका लागि अनुरोध गर्ने निर्णय गर्नुभएमा (पृष्ठ 17-25 हेर्नुहोस्), ओहायो शिक्षा विभागले तपाईंलाई पहिलो चरणको रूपमा मध्यस्थताको बारेमा सोच्न अनुरोध गर्नेछ । मध्यस्थताका लागि तपाईं वा डिस्ट्रिक्टलाई कुनै खर्च लाग्दैन ।

**मध्यस्थता प्रक्रियाको संक्षिप्त विवरण**

### मध्यस्थताका लागि अनुरोध

तपाईं वा स्कूल डिस्ट्रिक्टले कुनै पनि समयमा ओहायो शिक्षा विभागलाई मध्यस्थताका लागि अनुरोध गर्न सक्नुहुन्छ । यदि तपाईंले उजुरी दायर गर्नुभयो वा उचित प्रक्रिया सुनुवाईको लागि अनुरोध गर्नुभयो भने विभागले पहिलो चरणको रूपमा मध्यस्थताको प्रस्ताव गर्नेछ । तपाईं र डिस्ट्रिक्ट दुवै मध्यस्थकर्ता प्रयोग गर्न सहमत हुनुपर्छ ।

### मध्यस्तकर्ता छनोट गर्नुहोस् र बैठकका लागि समय मिलाउनुहोस्

मध्यस्थकर्ता तटस्थ तेस्रो पक्ष हुन्छ । तपाईं र स्कूल डिस्ट्रिक्ट एकजना मध्यस्थकर्तामा सहमत हुनुपर्छ । मध्यस्थकर्ताले सम्भव भएसम्म छिटो भन्दा छिटो बैठकका लागि समय मिलाउनेछन् । विभागले मध्यस्थकर्ताको खर्चको भुक्तानी गर्छ ।

### मध्यस्थता बैठक

तपाईं र स्कूल डिस्ट्रिक्टले आ-आफ्ना चिन्ताहरू बताउनुहुनेछ । मध्यस्थकर्ताले तपाईंहरूलाई विवाद समाधान गर्न, अन्तिम निचोडमा पुग्न र लिखित सम्झौता गर्न मद्दत गर्छन् । साधारणतया, बैठकको अवधिमा भनिएका कुनै पनि कुराहरूलाई अपवादमा बाहेक बैठक भन्दा बाहिर साझा गरिँदैन वा भविष्यका कानूनी कार्यवाहीहरूमा प्रयोग गरिँदैन ।

### सम्झौतामा पुगिएको

लिखित सम्झौता बन्धनकारी हुन्छ र अभिभावक तथा स्कूल डिस्ट्रिक्टले यसमा हस्ताक्षर गर्छन् । बन्धनकारी भन्नाले अभिभावक र स्कूलले सम्झौताको पालना गर्नुपर्छ र अदालतले यसलाई कार्यान्वयन गर्न सक्छ ।

### सम्झौतामा नपुगिएको

यदि मध्यस्थतामा कुनै पनि सम्झौतामा पुग्न सकिएन र तपाईंले राज्य उजुरी (state complaint) दायर गर्नुभयो भने त्यसपछि विशेष किसिमका बालबालिका कार्यालयले उजुरीको समाधान गर्नेछ । यदि मध्यस्थतामा कुनै पनि सम्झौतामा पुग्न सकिएन र तपाईंले उचित प्रक्रियाका लागि उजुरी दायर गर्नुभयो भने त्यसपछि अर्को चरणमा उचित प्रक्रिया सुनुवाई आउँछ ।



**मध्यस्तकर्ता:**

- तटस्थ तेस्रो पक्ष (कसैको पक्ष नलिने वा तपाईं वा डिस्ट्रिक्टको लागि काम नगर्ने) को रूपमा रहन्छन्;
- निर्णयहरू गर्न अनुमति दिइएको हुँदैन । त्यसको साटोमा, मध्यस्थकर्ताले तपाईं र स्कूल डिस्ट्रिक्टलाई तपाईंको बच्चाको शिक्षासँग सम्बन्धित समस्याको समाधान गर्न मद्दत गर्छन्;
- लिखित मध्यस्थता सम्झौतामा निर्णय गर्न तपाईं र स्कूल डिस्ट्रिक्टसँग काम गर्छन्;
- मध्यस्थता बैठकलाई ट्र्याकमा राख्न र प्रक्रियामा सबैलाई शिष्ट बनाएर राख्न मद्दत गर्छन्;
- सबैजनालाई विद्यार्थी र विद्यार्थीका आवश्यकताहरूमा केन्द्रित राख्छन्;
- तपाईं र स्कूल डिस्ट्रिक्टका बीचमा खुलेर कुराकानी गर्न मद्दत गर्छन्;

**मध्यस्थताको बारेमा सम्झनुपर्ने मुख्य बुँदाहरू**

- **मध्यस्थता स्वैच्छिक हुन्छ ।**
  - अभिभावक र स्कूल डिस्ट्रिक्ट दुवै यसलाई प्रक्रियाको भागको रूपमा राख्न सहमत हुनुपर्छ । यदि अभिभावक र डिस्ट्रिक्टले मध्यस्थतामा सहभागी हुन सहमति जनाएमा यसको अर्थ तपाईंले बैठकमा डिस्ट्रिक्टले भनेका कुरामा सहमत हुनुपर्छ वा बैठक कसरी अगाडि बढ्छ भन्नेमा सहमत हुनुपर्छ भन्ने होइन ।
- **मध्यस्थता गोपनीय हुन्छ ।**
  - मध्यस्थता बैठक भनिएका सबैकुरा सामान्यतया गोपनीय (निजी) हुन्छन् र अपवादहरूमा बाहेक पछिका लागि प्रयोग गरिँदैन ।
- **मध्यस्थताको अवधिमा लिखित रूपमा गरिएका कुनै पनि सम्झौता सामान्यतया बन्धनकारी हुन्छ । यसको अर्थ निर्णय आपसी सहमतिमा गरिएपछि अभिभावक र डिस्ट्रिक्टले उक्त लिखित सम्झौताको पालना गर्नुपर्छ ।**
  - तपाईंको बच्चाको मूल्याङ्कन वा IEP मा अभिभावक र डिस्ट्रिक्टद्वारा हस्ताक्षर गरिएको कागजातलाई उनीहरूले अन्य IEP वा मूल्याङ्कन टोलीको बैठकमा हस्ताक्षर गरिएका कागजातहरू झैं समान महत्त्व दिइन्छ ।

**मध्यस्थ्यताका लागि अनुरोध गर्न**

तपाईंको स्कूल डिस्ट्रिक्ट यो प्रक्रियामा सहभागी हुन इच्छुक छ वा छैन भनी जान्नका लागि आफ्नो स्कूल डिस्ट्रिक्टको विशेष शिक्षा निर्देशकलाई ______________________________ लाई ________________________________ मा सम्पर्क गर्नुहोस् । एकपटक दुवै पक्षहरू मध्यस्थताका लागि सहमत भएपछि, कृपया ओहायो शिक्षा विभागको विशेष किसिमका बालबालिका कार्यालयमा निम्नानुसार सम्पर्क गर्नुहोस्:

- टेलिफोन मार्फत: (614) 466-2650 वा टोल फ्रि (877) 644-6338 मा; वा
- इमेल मार्फत: exceptionalchildren@education.ohio.gov मा ।



## राज्य उजुरी दायर गर्ने

यदि तपाईं आफ्नो बच्चाको विशेष शिक्षाको बारेमा चिन्तित हुनुहुन्छ भने तपाईंका लागि उपलब्ध अर्को विकल्प भनेको स्कूल डिस्ट्रिक्ट वा अन्य सरकारी निकाय विरुद्ध लिखित रूपमा औपचारिक राज्य उजुरीलाई ओहायो शिक्षा विभागको विशेष किसिमका बालबालिका कार्यालयमा पेश गर्ने हो ।

### राज्य उजुरी दायर गर्न कुनै शुल्क लाग्दैन

राज्य उजुरी दायर गर्न कुनै शुल्क लाग्दैन । राज्य उजुरी प्रक्रियाले सामान्यतया उचित प्रक्रिया सुनुवाईको तुलनामा समस्यालाई छिटो समाधान गर्दछ र यो उचित प्रक्रिया सुनुवाई भन्दा कम विरोधात्मक (वा झगडा गराउने खालको) हुन्छ । राज्य उजुरी दायर गर्नको लागि तपाईंले आफ्नो हस्ताक्षर सहितको लिखित उजुरी (मूल प्रति) लाई विशेष किसिमका बालबालिका कार्यालयमा पठाउनुपर्छ र तपाईंले उजुरीको ***एउटा प्रतिलिपि*** सिधै स्कूल डिस्ट्रिक्टलाई पठाउनुपर्छ ।

तपाईंको उजुरीमा संघीय वा राज्य विशेष शिक्षा आवश्यकताहरूको कथित उल्लङ्घन (अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा ऐन वा अपाङ्गता भएका बालबालिकाहरूको शिक्षाका लागि ओहायो सञ्चालन मापदण्डहरूको कथित उल्लङ्घन) को कथनलाई समावेश गरिएको हुनुपर्छ । उजुरीमा कुनै विशिष्ट कानूनको नाम वा उद्धरण सामवेश गर्नु आवश्यक छैन तर यसमा तपाईंलाई विशेष शिक्षाको आवश्यकतालाई उल्लङ्घन गरिएको लागेका डिस्ट्रिक्टले चालेका वा नचालेका विशिष्ट कार्यलाई समावेश गर्नुपर्छ । साथै, तपाईंले उजुरीमा डिस्ट्रिक्टले विशेष शिक्षाको आवश्यकतालाई कसरी उल्लङ्घन गर्‍यो भनेर तपाईंलाई लागेका विचारलाई समर्थन गर्ने तथ्यहरू समावेश गर्नुपर्छ ।

### राज्य उजुरीहरूको समीक्षा

विशेष किसिमका बालबालिका कार्यालयले स्कूल डिस्ट्रिक्टले तपाईंको बच्चाको शिक्षासँग सम्बन्धित विशेष शिक्षा आवश्यकता उल्लङ्घन गरेको छ वा छैन भनी निर्धारण गर्नका लागि उचित रूपमा दायर गरिएको उजुरीको समीक्षा गर्नेछ र आवश्यक भएमा त्यसको अनुसन्धान गर्नेछ । साथै, तेस्रो पक्ष – अर्थात् तपाईं बाहेक अन्य व्यक्ति वा स्कूल डिस्ट्रिक्ट बाहेकको निकाय वा संगठन – लाई डिस्ट्रिक्टले विद्यार्थी सम्मिलित विशेष शिक्षा आवश्यताको उल्लङ्घन गरेको छ जस्तो लाग्छ भने उनीहरूले विभागमा राज्य उजुरी दायर गर्न सक्छन् ।

राज्य उजुरीलाई विशेष शिक्षाको कथित उल्लङ्घनको ***एक वर्ष*** भित्रमा कुनै पनि समय विभागमा दायर गर्न सकिन्छ । उजुरी दायर गरिएको मिति भन्दा एक वर्ष अगाडि भएको उल्लङ्घनलाई आरोप लगाउने कुनै पनि उजुरीलाई अनुसन्धान/समाधान गरिने छैन ।

### औपचारिक राज्य उजुरी कसरी दायर गर्ने

यदि तपाईंले विशेष शिक्षासँग सम्बन्धित औपचारिक राज्य उजुरी दायर गर्न चाहनुहुन्छ भने तपाईंले निम्नलिखित कार्य गर्नुपर्छः

- राज्य उजुरी फाराम भर्नुहोस् र यसलाई ओहायो शिक्षा विभागको विशेष किसिमका बालबालिका कार्यालयमा पठाउनुहोस्; वा
- उजुरी पत्र लेख्नुहोस्; वा
- विभागको विशेष किसिमका बालबालिका कार्यालयका कर्मचारीलाई 1-877-644-6338 मा फोन गर्नुहोस् र उजुरी फाराम अनुरोध गर्नुहोस्, जसलाई तपाईंले भरेर विभागलाई फिर्ता गर्नुहुनेछ ।



## तपाईंको उजुरीलाई कहाँ पठाउने

तपाईंको उजुरीलाई एकै समयमा ओहायो शिक्षा विभागको विशेष किसिमका बालबालिका कार्यालय र स्कूल डिस्ट्रिक्टका सुपरिटेन्डेन्ट ***दुवै*** कहाँ पठाइनुपर्छ ।

प्रारम्भिक उजुरीलाई निम्नमा पठाउनुहोस्:

The Ohio Department of Education
Office for Exceptional Children
Attn: Assistant Director of Dispute Resolution Section
25 South Front Street
Mail Stop 409
Columbus, Ohio 43215-4183

## स्थगन

स्थगन (abeyance) भनेको राज्य उजुरीमा भएका मामिलाहरूलाई अस्थायी रूपमा निलम्बन (थाती) मा राख्नु हो । यदि तपाईं र स्कूल डिस्ट्रिक्ट उचित प्रक्रिया सुनुवाईमा संलग्न हुनुहुन्छ र तपाईं वा स्कूल डिस्ट्रिक्ट मध्ये कसैले पनि समान विषयहरूमा राज्य उजुरी दायर गरेको छ भने ओहायो शिक्षा विभागले उक्त राज्य उजुरीलाई अस्थायी रूपमा स्थगनमा राख्नेछ । अर्को शब्दमा, तपाईंको राज्य उजुरीको समाधान हुनु अघि उचित प्रक्रिया समाप्त नहुँदासम्म विभागले प्रतिक्षा गर्नेछ । यदि तपाईंले आफ्नो उचित प्रक्रिया सुनुवाई अनुरोधलाई फिर्ता लिनुहुन्छ भने विभागले राज्य उजुरीको स्थगनलाई हटाउँछ र तपाईंको उजुरीको समाधानका लागि कार्यवाहीलाई अगाडि बढाउनेछ ।

यदि उचित प्रक्रिया सुनुवाई हुन्छ र निष्पक्ष सुनुवाई अधिकारी (Impartial Hearing Officer, IHO) द्वारा निर्णय गरिन्छ भने सुनुवाई अधिकारीद्वारा निर्णय नगरिएका तपाईंका उजुरीमा अझै पनि समस्याहरू रहिरहेमा मात्र यसको समाधानका लागि विभागले राज्य उजुरीको स्थगनलाई हटाउनेछ ।



### तपाईंले राज्य उजुरीमा समावेश गर्नुपर्ने वस्तुहरूको जाँचसूची

- स्कूल डिस्ट्रिक्टले संघीय वा राज्य विशेष शिक्षा आवश्यकताको उल्लङ्घन गरेको छ भन्ने कथन ।
- तपाईंले आफ्नो उजुरीलाई आधारित बनाउनुभएका तथ्यहरू सहित समस्याको विवरण ।
- तपाईंको सम्पर्क जानकारी र मूल हस्ताक्षर ।
- यदि तपाईं विशिष्ट विद्यार्थीको सन्दर्भमा विशेष शिक्षा उल्लङ्घनको आरोप लगाउँदै हुनुभएमा:
  - विद्यार्थीको नाम र निवास ठेगाना;
  - विद्यार्थीले अध्ययन गर्ने विद्यालयको नाम;
  - (म्याककिनी-भेन्टो घरबारविहिन सहायता ऐनद्वारा परिभाषित गरिए अनुसार) घरबारविहिन बच्चा वा युवाको सन्दर्भमा विद्यार्थीको उपलब्ध सम्पर्क जानकारी तथा सो विद्यार्थीले अध्ययन गर्ने विद्यालयको नाम;
  - समस्यासँग सम्बन्धित तथ्यहरू सहित समस्याको प्रकृतिको विवरण; र
  - उजुरी दाखिला गरिएको समयमा पक्षलाई जानकारी भएसम्म र उपलब्ध भएसम्म समस्याको प्रस्तावित समाधान ।
- उजुरीमा तपाईंको मूल हस्ताक्षर हुनुपर्छ, जसकारण तपाईंले उजुरीलाई फ्याक्स वा इमेल गर्न सक्नुहुन्न ।
- नाम उल्लेख नगरिएका उजुरीहरूलाई स्वीकार गरिने छैन ।

## राज्य उजुरी प्रक्रिया

विभागले उचित रूपमा दायर गरिँदासम्म तपाईंको राज्य उजुरी प्राप्त गरेपछि यसले त्यसको समीक्षा गर्न सुरु गर्नेछ र आवश्यकता अनुसार विशेष शिक्षा आवश्यकताहरूको कथित उल्लङ्घन(हरूको) अनुसन्धान गर्नेछ । विशेष किसिमका बालबालिका कार्यालयले तपाईंको उजुरी प्राप्त भएको मितिबाट 60 क्यालेन्डर दिन भित्रमा उक्त उजुरीको समाधान गर्नुपर्छ ।

उजुरी प्रक्रियाको भागको रूपमा, विशेष किसिमका बालबालिका कार्यालयले:

- तपाईंको उजुरीको समीक्षा गर्नेछ र तपाईंको उजुरीमा लगाइएका आरोपहरूलाई समाधान गर्ने अधिकार छ वा छैन भनेर निर्णय गर्नेछ;
- (आवश्यक भएमा) अनुसन्धान सहित समाधान हुने आरोपहरूको बारेमा तपाईं र स्कूल डिस्ट्रिक्ट दुवैलाई लिखित रूपमा बताउनेछ;
- उजुरीको समाधान गर्ने वैकल्पिक तरिकाको रूपमा तपाईं र डिस्ट्रिक्ट दुवैलाई मध्यस्थता वा सहजीकरणको प्रस्ताव गर्नेछ;
- तपाईंको उजुरीमा रहेका आरोपहरूको बारेमा यसलाई तपाईं र डिस्ट्रिक्टबाट आवश्यक पर्न सक्ने थप जानकारी माग्नेछ;
- तपाईं र डिस्ट्रिक्टद्वारा उपलब्ध गराइएका अतिरिक्त कागजातहरू तथा जानकारीको समीक्षा गर्नेछ, यसले आवश्यक ठाने अनुसार टेलिफोन अन्तर्वार्ताहरू लिनेछ र तपाईंको बच्चाको डिस्ट्रिक्टमा भेटघाटका लागि जानेछ;
- तपाईंको डिस्ट्रिक्टलाई तपाईंको उजुरीमा जवाफ दिन मौका प्रदान गर्नेछ र समाधान प्रस्ताव गर्नेछ; र
- (आवश्यक भएमा आफ्ना समीक्षा तथा अनुसन्धानबाट निष्कर्ष निकालीसकेपछि र तपाईंको उजुरी प्राप्त भएको मितिबाट 60 दिन भित्र) विशेष शिक्षाको उल्लङ्घन भएको हो वा होइन भन्ने कुरासँग सम्बन्धित आफ्नो निर्णयको बारेमा जानकारी गराउन तपाईं र डिस्ट्रिक्ट दुवैलाई पत्र लेख्नेछ ।

### टाइमलाइन एक्स्टेनसनहरू

यदि समय थप गरिएको छ भने विभागसँग उजुरी समाधान गर्न र आफ्नो निर्णयको पत्र जारी गर्नका लागि 60 दिन भन्दा धेरै समय हुनसक्छ । राज्य उजुरीलाई समाधान गर्नको लागि निम्नलिखित अवस्थामा 60-दिनको टाइमलाइनलाई समय थप गर्न सकिन्छ:

- जब तपाईं र स्कूल डिस्ट्रिक्ट थप समयका लागि सहमत हुनुहुन्छ ताकि तपाईंहरू दुवैद्वारा मध्यस्थता, सहजीकरण वा विवाद समाधानका अन्य केही वैकल्पिक माध्यमहरू मार्फत समस्याको समाधान गर्ने प्रयास गर्न सकियोस्; वा
- (विशेष किसिमका बालबालिका कार्यालयद्वारा मुद्दा अनुसार निर्णय गरिएका) विशेष परिस्थितिहरूमा ।

### अनुचित दायर गर्ने

यदि विशेष किसिमका बालबालिका कार्यालयले तपाईंले समाधान गर्न चाहनुएको मामिलाको बारेमा सबै आवश्यक जानकारी समावेश नगर्नुभएको कारणले उचित रूपमा राज्य उजुरी दायर गर्नुभएको छैन भनी निर्धारण गर्छ वा विशेष किसिमका बालबालिका कार्यालयसँग उजुरीको अनुसन्धान गर्ने अधिकार छैन भने विशेष किसिमका बालबालिका कार्यालयले तपाईंलाई निम्न कुराको व्याख्या गर्ने पत्र पठाउनेछ: तपाईंको उजुरीको समाधान गर्न किन यो अगाडि बढिरहेको छैन, यो निर्णय गरिनुको कारण र यदि लागू भएमा, उचित रूपमा दायर गरिएको छ भनी सुविचारित गरिनको लागि तपाईंले नयाँ उजुरीमा समावेश गर्न आवश्यक पर्ने जानकारी ।

### उजुरीलाई पुन: पेश गर्ने

यदि तपाईंलाई नयाँ जानकारीका साथमा उजुरी पुन: पेश गर्न आवश्यक परेमा कथित विशेष शिक्षा उल्लङ्घन भएको एक वर्ष भित्रमा उजुरीलाई ओहायो शिक्षा विभाग र स्कूल डिस्ट्रिक्टमा पठाइन्छ भनेर सुनिश्चित गर्नुहोस् । यदि तपाईंले आफ्नो उजुरीमा विभागसँग समाधान गर्ने अधिकार नभएका मामिलाहरू समावेश गर्नुभएको छ भने यसले उपयुक्तता अनुसार तपाईंलाई यी मुद्दाहरू सम्बोधन गर्नको लागि संसाधनहरू सिफारिस गर्नेछ ।

**उजुरी दायर गर्ने**

- कथित उल्लङ्घनको एक वर्ष भित्रमा दायर गरिएको उजुरी ।
- अभिभावकले यसको मूल प्रति ओहायो शिक्षा विभाग र यसको प्रतिलिपि डिस्ट्रिक्टलाई उपलब्ध गराउनुभएको छ ।
- उजुरीले सहायक तथ्यहरूका साथमा विशेष शिक्षा आवश्यकताका उल्लङ्घनहरूको आरोप लगाउँछ ।

**ओहायो शिक्षा विभागले उजुरीको समीक्षा गर्छ**

- विभागले उजुरी दायर गर्ने व्यक्ति र स्कूल डिस्ट्रिक्टलाईउजुरी प्राप्त गरिएको प्राप्ति-सूचना पत्र पठाउँछ ।
- उचित रूपमा उजुरी दायर गरिएको छैन वा ओहायो शिक्षा विभागसँग यसलाई समाधान गर्ने अधिकार छैन भने विभागले अपर्याप्तताको पत्र पठाउँछ ।

**समाधान**

- विभागले सबै कागजातहरूको समीक्षा गर्छ र आवश्यकता अनुसार अतिरिक्त कागजात/जानकारी अनुरोध गर्छ ।
- विभागले आवश्यकता अनुसार उपयुक्त व्यक्तिहरूको अन्तर्वार्ता लिन्छ ।

**विभागले निष्कर्षहरूको पत्र पठाउँछ**

- विभागले हरेक आरोप र त्यहाँ विशेष शिक्षा उल्लङ्घन भएको छ वा छैन भन्ने बारेमा निर्णयहरू गर्छ ।
- डिस्ट्रिक्टले उल्लङ्घन भएको छ भनी पत्ता लगाएका ठाउँहरूमा विभागले सुधारात्मक कार्यहरू जारी गर्नेछ ।



## उचित प्रक्रिया उजुरी दायर गर्ने

अभिभावकहरूले आफ्नो बच्चाको विशेष शिक्षाको बारेमा उनीहरूको स्कूल डिस्ट्रिक्टसँगका निश्चित चिन्ताहरूलाई समाधान गर्न सक्ने एउटा तरिका भनेको डिस्ट्रिक्टमा उचित प्रक्रिया सुनुवाईका लागि सिधै अनुरोध पेश गर्नु र साथै यसको एउटा प्रतिलिपि ओहायो शिक्षा विभागलाई पठाउनु हो । तपाईंले यसो गर्दा तपाईंले उचित प्रक्रिया उजुरी (due process complaint) (उचित प्रक्रिया अनुरोध पनि भनिने) दायर गर्नुभएको हुन्छ । निम्नलिखित अन्य व्यक्तिहरूले पनि उचित प्रक्रिया उजुरी दायर गर्न सक्छन्:



- कम्तीमा पनि 18 वर्ष पुगेका विद्यार्थी;
- स्कूल डिस्ट्रिक्ट; वा
- अन्य सरकारी शैक्षिक निकायहरू ।

### दायर गर्नुका कारणहरू

तपाईंको बच्चाको विशेष शिक्षाका निम्नलिखित क्षेत्रहरूसँग सम्बन्धित चिन्ताहरूका लागि उचित प्रक्रिया उजुरी दायर गर्न सकिन्छ:

- अपाङ्गता भएको बच्चाको पहिचान;
- अपाङ्गता भएको बच्चाको मूल्याङ्कन;
- अपाङ्गता भएको बच्चाको शैक्षिक स्थान नियोजन; वा
- तपाईंको बच्चाका लागि नि:शुल्क उपयुक्त सरकारी शिक्षा (FAPE) को व्यवस्था

उचित प्रक्रिया उजुरीमा संघीय वा राज्यको विशेष शिक्षाका आवश्यकताहरूलाई उल्लङ्घन गरिएको आरोप लगाइएको र अभिभावक (वा उजुरी दायर गर्ने सरकारी शैक्षिक निकाय) लाई समस्यामा रहेको कथित विशेष शिक्षा उल्लङ्घनको बारेमा थाहा भएको वा थाहा पाएको ***दुई वर्ष*** भित्रमा उजुरी दायर गरेको हुनुपर्छ । ओहायो शिक्षा विभागले उचित प्रक्रिया सुनुवाई उजुरीको बारेमा जहिले थाहा पाउँछ, संलग्न अभिभावक र स्कूल डिस्ट्रिक्टसँग उचित प्रक्रिया सुनुवाईमा सहभागी हुने मौका हुनुपर्छ । उचित प्रक्रिया सुनुवाई औपचारिक कार्यवाही हो जसमा सुनुवाई सञ्चालन गरी उचित प्रक्रिया उजुरीको समाधान गर्न विभागद्वारा निष्पक्ष सुनुवाई अधिकारी नियुक्त गरिएको हुन्छ ।

### समावेश हुनुपर्ने जानकारी

विभागले एउटा फाराम उपलब्ध गराउँछ जसलाई उचित प्रक्रिया सुनुवाई अनुरोध गर्नका लागि प्रयोग गर्न सकिन्छ । अनुरोध पेश गर्ने व्यक्ति वा सरकारी शैक्षिक निकायले **विभागको फाराम** प्रयोग गर्न आवश्यक छैन तर व्यक्ति वा संस्थाले अझै पनि निम्नलिखित आवश्यक जानकारीलाई उचित प्रक्रिया उजुरी पेश गर्दा समावेश गर्न आवश्यक पर्छ:

1. विद्यार्थीको नाम;
2. विद्यार्थीको ठेगाना वा सम्पर्क जानकारी;
3. स्कूल डिस्ट्रिक्टको नाम;
4. यदि तपाईंको बच्चा घरबारविहिन छन् भने तपाईंको बच्चाको उपलब्ध सम्पर्क जानकारी तथा उनी अध्ययनरत विद्यालयको नाम;
5. तपाईंको बच्चासँग सम्बन्धित विशिष्ट समस्याको विवरणका साथसाथै समस्यासँग सम्बन्धित तथ्यहरू; र
6. समस्याको समाधान गर्नका लागि विचार र सुझावहरू ।

उचित प्रक्रिया उजुरीमा पनि राज्य उजुरीमा जस्तै समान खालका विस्तृत जानकारी समावेश हुन्छन् (पृष्ठ 18 हेर्नुहोस्), यद्यपि यसमा मूल हस्ताक्षर भने आवश्यक हुँदैन । यसलाई स्कूल डिस्ट्रिक्ट र विभागमा स्वयं उपस्थित भएर, हुलाक, फ्याक्स वा इमेल मार्फत पठाउन सकिनेछ । तपाईंको प्रारम्भिक उचित प्रक्रिया उजुरीमा समावेश नगरिएका मामिलाहरूलाई उचित प्रक्रिया सुनुवाईको अवधिमा सुनुवाई अधिकारीद्वारा समीक्षा गरिने छैन ।

### उचित प्रक्रिया उजुरीलाई परिमार्जन गर्ने

उचित प्रक्रिया उजुरीको परिमार्जन भनेको उजुरीलाई पहिले नै ओहायो शिक्षा विभागमा पेश गरिएपछि उक्त उजुरीलाई अद्यावधिक गर्ने कार्य हो । तपाईंले निम्न अवस्थामा मात्र आफ्नो उचित प्रक्रिया उजुरीलाई परिमार्जन गर्न सक्नुहुन्छ:

- अर्को पक्ष परिमार्जन गरिएको उचित प्रक्रिया उजुरीमा लिखित रूपमा सहमत छ र त्यसलाई समाधान बैठकबाट उजुरीलाई समाधान गर्न अवसरको दिइएको हुनुपर्छ(समाधान बैठकको बारेमा पृष्ठ 23 मा व्याख्या गरिएको छ); वा
- निष्पक्ष सुनुवाई अधिकारीले अनुमति प्रदान गरेको हुनुपर्छ । सुनुवाई अधिकारीले त्यसो गर्नका लागि उचित प्रक्रिया सुनुवाई सुरु हुनुभन्दा पाँच दिन अघिसम्म अनुमति दिन सक्नेछन् तर त्यसपछिको समयमा भने अनुमति दिँदैनन् ।

## उचित प्रक्रिया टाइमलाइनहरू र प्रक्रिया

यदि तपाईंले आफ्नो बच्चाको स्कूल डिस्ट्रिक्टको विरुद्धमा उचित प्रक्रिया उजुरी दायर गर्नुभयो भने डिस्ट्रिक्टले कथित विशेष शिक्षाको उल्लङ्घनको सम्बन्धमा पहिले कुनै त्यस्तो सूचना नदिएको भएमा तपाईंको उचित प्रक्रिया उजुरी प्राप्त गरेको 10 क्यालेन्डर दिन भित्रमा तपाईंलाई पूर्व लिखित सूचना वा जवाफ दिनुपर्छ (पृष्ठ 9 हेर्नुहोस्) । डिस्ट्रिक्टले तपाईंलाई दिने पूर्व लिखित सूचनामा निम्न कुराहरू समावेश भएको हुनुपर्छ:

- तपाईंले अनुरोध वा उजुरी गर्नुभएको बारेमा कार्यवाहीको विवरण । यसमा डिस्ट्रिक्टले चाल्न चाहेको कदम वा यसले चाल्न अस्वीकार गरेको कदम हुनसक्छ । डिस्ट्रिक्टले किन स्कूलले त्यस्तो कदम चाल्न चाहेको थियो वा त्यस्तो कदम चाल्न किन अस्वीकार गर्‍यो भन्ने बारेमा आफ्नो जवाफमा स्पष्ट पनि पार्नुपर्छ;
- डिस्ट्रिक्टले तपाईंको बच्चाको मूल्याङ्कन गर्न प्रयोग गरेका सबै विधिहरू, कार्य गर्ने वा कार्य नगर्ने निर्णय लिनका लागि प्रयोग गरेका तपाईंको बच्चाको रेकर्ड र रिपोर्टहरूको विवरण;
- तपाईंको बच्चाको लागि IEP टोलीले विचार गरेका अन्य छनोटहरू र ती छनोटहरूलाई किन अस्वीकार गरियो भन्ने कारण(हरू) को विवरण; र
- डिस्ट्रिक्टले त्यस्तो कदम चाल्ने वा कदम नचाल्ने भन्ने बारेमा सान्दर्भिक रहेका अन्य कारक तत्वहरूको विवरण ।

स्कूल डिस्ट्रिक्टले तपाईंलाई तपाईंले प्राप गर्न सक्ने नि:शुल्क वा कम-खर्चको कानूनी सहायता र अन्य सान्दर्भिक सेवाहरूको बारेमा जानकारी दिनुपर्छ ।

यदि अभिभावकको रूपमा तपाई विरुद्ध उचित प्रक्रिया उजुरी दायर गरिएको छ भने तपाईंले उजुरीमा भएको मितिबाट 10 क्यालेन्डर दिन भित्रमा जवाफ दिनुपर्छ । तपाईंको जवाफले उचित प्रक्रिया उजुरीमा उठाइएका मामिलाहरूलाई विशेष रूपले सम्बोधन गरेको हुनुपर्छ ।

### पर्याप्तता

उजुरीको अर्को पक्षले निष्पक्ष सुनुवाई अधिकारी र उजुरीको आरोप पेश गर्ने पक्षलाई यसले उचित प्रक्रिया उजुरी दायर गर्दा दायर गर्ने आवश्यकताहरू पूरा नगरेको (अर्थात् यो पर्याप्त छैन) भनेर सूचित ***नगर्दासम्म*** उक्त उचित प्रक्रिया उजुरीलाई पर्याप्त भएको ठानिनेछ (यसको अर्थ यसलाई उचित तरिकामा दायर गरिएको थियो) । अर्को पक्षले उचित प्रक्रिया उजुरी प्राप्त गरेको मितिबाट 15 क्यालेन्डर दिन भित्रमा लिखित रूपमा उचित प्रक्रिया उजुरीको पर्याप्ततालाई चुनौती दिनुपर्छ ।

उदाहरणको लागि, यदि तपाईंले आफ्नो डिस्ट्रिक्ट कहाँ उचित प्रक्रिया उजुरी दायर गर्नुभयो (र यसको एउटा प्रतिलिपि ओहायो शिक्षा विभागलाई पठाउनुभयो) भने डिस्ट्रिक्टले 15 दिन भित्रमा लिखितमा तपाईंको अनुरोध उचित रूपमा दायर गरिएको छैन भनी उल्लेख गरेर सुनुवाई अधिकारीलाई सूचित नगरेसम्म यसलाई पर्याप्त भएको ठानिनेछ । त्यसपछि, तपाईंको उचित प्रक्रिया उजुरी पर्याप्त (अर्थात् यसले पृष्ठ 21 मा पहिचान गरिएका उचित प्रक्रिया उजुरीका आवश्यकताहरू पूरा गरेको) छ वा छैन भनी निर्णय गर्न सुनुवाई अधिकारीलाई आफूले डिस्ट्रिक्टबाट लिखित सूचना प्राप्त गरेपछि पाँच पात्रो दिनको समय रहन्छ । सुनुवाई अधिकारीले तपाई र डिस्ट्रिक्टलाई आफ्नो निर्णय 15 दिन भित्रमा लिखित रूपमा पनि पठाउनुपर्छ ।

यदि सुनुवाई अधिकारीले तपाईंको उचित प्रक्रिया उजुरी अपर्याप्त भएको निर्णय गरेमा र डिस्ट्रिक्टले सहमति दिँदासम्म र समस्यालाई समाधान बैठकबाट समाधान गर्ने सम्भावना भएमा वा सुनुवाई अधिकारीले सुनुवाई सुरु हुनुभन्दा अगाडि पाँच दिन भन्दा ढिलो नहुनेगरी अनुमति दिएमा तपाईंसँग या त नयाँ उचित प्रक्रिया उजुरी दायर गर्ने वा प्रारम्भिक उचित प्रक्रिया उजुरीलाई परिमार्जन गर्ने विकल्प हुन्छ ।

यदि तपाईंले आफ्नो उचित प्रक्रिया उजुरीलाई उपयुक्त रूपमा परिमार्जन गर्नुभयो भने त्यसपछि तपाईंले परिमार्जन गरेको उजुरी दायर गरेको मितिबाट 30 दिने समाधान अवधि(पृष्ठ 23 हेर्नुहोस्) सुरु हुन्छ ।

## समाधान अवधि

समाधान अवधि भनेको उचित प्रक्रिया उजुरी दायर गरिएको र वास्तविक उचित प्रक्रिया सुनुवाई बीचको समयावधि हो । समाधान अवधिमा एउटा समाधान बैठक आयोजना गरिन्छ जसले आधिकारिक रूपमा सुनुवाई सुरु गर्न अघि विशेष शिक्षाको विवादलाई समाधान गर्न एउटा थप अवसर उपलब्ध गराउँछ । यदि तपाईंले उचित प्रक्रिया उजुरी दायर गर्नुभयो तर त्यसपछि समाधान प्रक्रियामा सहभागी हुन असफल हुनुभयो भने यसले उचित प्रक्रिया टाइमलाइनहरू (टाइमलाइन (घटनाक्रम)हरूका बारेमा तल थप उल्लेख गरिएको छ) लाई सुरु गर्न ढिलाइ गर्नेछ ।

समाधान अवधि भनेको उचित प्रक्रिया उजुरी दायर गरिएको (वा उजुरीलाई उपयुक्त रूपमा परिमार्जन गरिएको) मितिबाट 30 दिनको समय हो । यदि स्कूल डिस्ट्रिक्टले 30 दिनको समय बित्दासम्म पनि तपाईं सन्तुष्ट हुनेगरी उचित प्रक्रिया उजुरीको समाधान गरेन भने उचित प्रक्रिया उजुरीको कार्यवाही अगाडि बढ्न सक्नेछ । एकपटक 30 दिनको समाधान अवधि समाप्त भएपछि, यदि तपाईं र डिस्ट्रिक्ट उक्त 30 दिनको अवधिमा मध्यस्थतामा कुनै सहमतिमा नपुगेसम्म उचित प्रक्रिया सुनुवाईका लागि र निष्पक्ष सुनुवाई अधिकारीसँग निर्णय गर्नको लागि (पृष्ठ 24 हेर्नुहोस्), 45 दिने टाइमलाइन हुन्छ । यदि 30 दिने समाधान अवधिमा तपाईं र डिस्ट्रिक्टले तपाईंहरू बीचमा कुनै पनि सम्झौता सम्भव छैन भनी लिखित रूपमा सहमत भएमा उक्त समयावधि समय अगाडि नै समाप्त हुनसक्छ ।

30 दिने समाधान अवधिमा र उचित प्रक्रिया उजुरी प्राप्त गरेको पहिलो 15 क्यालेन्डर दिन भित्रमा स्कूल डिस्ट्रिक्टले समाधान बैठकको लागि समय मिलाउनुपर्छ । यदि डिस्ट्रिक्टले उजुरी प्राप्त गरेको 15 क्यालेन्डर दिन भित्रमा समाधान बैठक सञ्चालन गर्दैन वा समाधान बैठकमा सहभागी हुँदैन भने तपाईंले सुनुवाई अधिकारीलाई 45 दिने उचित प्रक्रिया सुनुवाई टाइमलाइन सुरु गर्न अनुरोध गर्न सक्नुहुनेछ । डिस्ट्रिक्टले उचित प्रक्रिया उजुरी दायर गरेको छ भने यसले समाधान बैठकको लागि समय मिलाउन आवश्यक पर्दैन ।

## समाधान बैठक

समाधान बैठकको प्रयोजन भनेको तपाईंलाई उजुरीका समस्याहरूको बारेमा छलफल गर्ने अवसर दिनु र स्कूल डिस्ट्रिक्टलाई तपाईंसँग मिलेर समाधान निकाल्ने कुरातर्फ कार्य गर्ने मौका दिनु हो । डिस्ट्रिक्टको जिम्मेवारी समाधान बैठक आयोजना गर्ने हुन्छ र तपाईं त्यसमा सहभागी हुन आवश्यक हुन्छ । यदि तपाईं समाधान बैठकमा सहभागी हुनुहुन्न र डिस्ट्रिक्टले तपाईंको अनुपस्थितिलाई लिखित प्रमाणको रूपमा प्रस्तुत गरेमा डिस्ट्रिक्टले सुनुवाई अधिकारीलाई तपाईंको उचित प्रक्रिया उजुरीलाई 30 दिने अवधिको समाप्तिमा खारेज गर्न अनुरोध गर्न सक्छ ।

IEP टोलीका कुन-कुन सदस्यहरू समाधान बैठकमा उपस्थित हुनुपर्छ भन्ने कुराको निर्णय तपाईं र स्कूल डिस्ट्रिक्टले गर्नुहुन्छ । यो बैठकमा स्कूल डिस्ट्रिक्टका लागि निर्णयहरू गर्ने अधिकार भएका स्कूल डिस्ट्रिक्ट प्रतिनिधिलाई समावेश गरिएको हुनुपर्छ ।

तपाईंले यस बैठकमा आफ्नो वकिललाई उपस्थित गराउन नखोजेसम्म डिस्ट्रिक्टको वकील पनि उक्त बैठकमा उपस्थित हुने छैनन् । तपाईं र डिस्ट्रिक्ट समाधान बैठकलाई छोड्ने भनेर लिखित रूपमा सहमत नहुँदासम्म वा तपाईं र डिस्ट्रिक्ट समाधान बैठकको सट्टामा मध्यस्थता प्रयोग गर्न सहमत नहुँदासम्म यो बैठक समाधान प्रक्रियाका लागि आवश्यक कदम हो । यदि तपाईं र डिस्ट्रिक्ट दुवै 30 दिने समाधान अवधि पश्चात पनि मध्यस्थता गर्न सहमत हुनुभएमा तपाईंहरूलाई त्यसो गर्न अनुमति दिइन्छ । यसले 45 दिने उचित प्रक्रिया सुनुवाई र निर्णय टाइमलाइनलाई सुरु हुनबाट रोक्नेछ ।

यदि तपाईं र डिस्ट्रिक्टले समाधान बैठकमा आफ्नो विवाद समाधान गर्नुभएमा तपाईंहरू दुवैले कानूनी रूपमा बन्धनकारी सम्झौतामा हस्ताक्षर गर्नुपर्छ:

- जसमा अब के हुनेछ भनी लिखित रूपमा तय गरिएका कुराहरू हुन्छन्;
- जसलाई तपाईं र डिस्ट्रिक्टको प्रतिनिधि दुवैद्वारा हस्ताक्षर गरिएको छ; र
- जसलाई अदालतले कार्यान्वयन गर्न सक्छ ।

कानूनी रूपमा बन्धनकारी भन्नाले यदि तपाईं वा स्कूल डिस्ट्रिक्टले सम्झौता अनुसार कार्यहरू नगरेमा अदालतले तपाईं वा डिस्ट्रिक्टलाई सम्झौता अनुसार कार्यहरू गर्न आवश्यक बनाउन सक्छ भन्ने बुझिन्छ ।

यदि सम्झौतामा हस्ताक्षर गरेपछि तपाईं वा स्कूल डिस्ट्रिक्ट मध्ये कुनै पक्षले सहमत नहुने निर्णय गरेमा तपाईंहरू मध्ये कसैले पनि यसमा हस्ताक्षर गरेर तीन कार्यालय दिन भित्रमा यसलाई रद्द गर्न सक्नुहुन्छ ।

यदि तपाईं र स्कूल डिस्ट्रिक्ट 30 दिने समाधान अवधि समाप्त हुनुअघि उचित प्रक्रिया उजुरीको बारेमा कुनै सम्झौतामा पुग्नुभयो भने उक्त उजुरीलाई बन्द गरिनेछ र कुनै पनि उचित प्रक्रिया सुनुवाई आयोजना गरिने छैन ।

## सुनुवाई प्रक्रिया

उचित प्रक्रिया सुनुवाईको स्थान तथा समय तपाईं र डिस्ट्रिक्टलाई उपयुक्त रूपमा सुविधाजनक हुनेगरी मिलाइनुपर्छ र सञ्चालन गरिनुपर्छ । निष्पक्ष सुनुवाई अधिकारीले सुनुवाई प्रक्रियाको अवधिमा कुराकानी गर्न आवश्यक भएअनुसार तपाईं र डिस्ट्रिक्टलाई एकैसमयमा सम्पर्क गर्नेछन् । अर्को शब्दमा, निष्पक्ष सुनुवाई अधिकारी, तपाईं र डिस्ट्रिक्टका बीचमा हुने सबै कुराकानीहरू छुट्टाछुट्टै नभएर सँगसँगै हुन्छन् ।

(निर्णय गर्नका लागि निष्पक्ष सुनुवाई अधिकारीलाई चाहिने) 45 दिने उचित प्रक्रिया सुनुवाईको टाइमलाइन 30 दिने समाधान अवधि समाप्त भएपछि वा निम्नलिखित अवस्थाहरू मध्ये कुनै घटेमा सुरु हुन्छ:

- तपाईं र डिस्ट्रिक्ट समाधान बैठकलाई छोड्न (नगर्न) भनेर लिखित रूपमा सहमत भएमा; वा
- एकपटक तपाईंले समाधान बैठक वा मध्यस्थता बैठकमा समस्याहरूको बारेमा छलफल गर्न सुरु गरेपछि, तपाईं र डिस्ट्रिक्ट दुवै कुनै पनि सम्झौतामा पुग्न सम्भव छैन भनी लिखित रूपमा सहमत हुनुभएमा; वा
- तपाईं र डिस्ट्रिक्ट 30 दिने समाधान अवधि पश्चात् पनि छलफल गर्न लिखित रूपमा सहमत भएमा ताकि तपाईंहरूद्वारा मध्यस्थतालाई जारी राख्न सकियोस् र त्यसपछि तपाईं वा डिस्ट्रिक्ट मध्ये जोकोही पनि मध्यस्थता प्रक्रियाबाट फिर्ता हुन सकोस् ।

निष्पक्ष सुनुवाई अधिकारी थप समय दिन सहमत नभएसम्म (वा अर्को शब्दमा, उनले समय थप गर्न अनुमति नदिएसम्म), 45 दिने सुनुवाईको टाइमलाइनमा पक्षहरू मध्येको कुनै एक पक्षको अनुरोधमा निम्न हुन सक्छन्:

- सुनुवाई प्रक्रियालाई अगाडि बढाइनुपर्छ;
- सुनुवाईको निर्णयमा पुगिनुपर्छ; र
- उक्त निर्णयको एक-एक प्रति तपाईं र स्कूल डिस्ट्रिक्ट दुवैका साथै ओहायो शिक्षा विभागमा प्रमाणित हुलाक मार्फत पठाइनुपर्छ ।

उचित प्रक्रिया सुनुवाई पूर्व कम्तीमा पाँच दिन अगाडि तपाईं र स्कूल डिस्ट्रिक्ट खुलासा कन्फरेन्समा सहभागी हुनुपर्छ । यो एउटा कुराकानी हो जसको उद्देश्य सुनुवाईमा प्रस्तुत गरिने जानकारी तपाईं र डिस्ट्रिक्ट दुवैसँग छ भनी निश्चित गर्नु हुन्छ ।



**उचित प्रक्रिया सुनुवाईहरू निष्पक्ष सुनुवाई अधिकारीद्वारा सञ्चालित हुन्छन्**

**जब उचित प्रक्रिया उजुरीको समाधान हुँदैन, तब यसलाई निष्पक्ष सुनुवाई अधिकारीद्वारा सञ्चालित हुने औपचारिक सुनुवाईमा अगाडि बढाइनेछ । सुनुवाई अधिकारी उचित प्रक्रिया सुनुवाईहरू सञ्चालन गर्न ओहायो शिक्षा विभागद्वारा प्रशिक्षित गराइएको अधिवक्ता हुनुपर्छ ।**

**स्कूल डिस्ट्रिक्टले सुनुवाई अधिकारीको खर्चको भुक्तानी गर्छ, यद्यपि उक्त व्यक्ति तटस्थ, तेस्रो पक्ष हुन्छन् । उक्त व्यक्ति स्कूल डिस्ट्रिक्ट वा शिक्षामा संलग्न अन्य सरकारी निकायको रोजगारीमा रहेका हुँदैनन् र उनीसँग एक पक्ष माथि अर्को पक्षलाई समर्थन गर्ने गरी कुनै किसिमको व्यक्तिगत वा व्यावसायिक स्वार्थ नहुन सक्छ ।**

**यसका साथै, सुनुवाई अधिकारी IDEA, संघीय तथा राज्य कानून तथा नियमहरू र विशेष शिक्षा मुद्दाहरूमा अदालतले कसरी व्याख्या गर्छ भन्ने लगायत विशेष शिक्षा आवश्यकताहरूसँग राम्रोसँग परिचित हुन्छन् ।**

**सुनुवाई पश्चात्, सुनुवाई अधिकारीले मानक कानूनी अभ्यास अनुसार निर्णय लेख्नेछन् । तपाईंको डिस्ट्रिक्ट वा ओहायो शिक्षा विभागले सुनुवाई अधिकारीहरू र तिनीहरूको योग्यताहरूको सूची प्रदान गर्न सक्छन् वा तपाईंले education.ohio.gov मा गएर *due process hearing officers* मुख्य शब्दहरू खोजेर सूची पत्ता लगाउन सक्नुहुन्छ ।**

## सुनुवाईका अधिकारहरू

उचित प्रक्रिया सुनुवाईमा, तपाईंसँग निम्न अधिकारहरू हुन्छन्:

- सुनुवाईको मुख्य विषय रहेका आफ्नो बच्चालाई उपस्थित गराउने;
- सुनुवाई सर्वसाधारणका लागि खुला हुनुपर्छ भनी अनुरोध गर्ने;
- अपाङ्गता भएका बालबालिकाहरूका बारेमा विशेष ज्ञान भएका वकील वा मानिसलाई आफ्नो साथमा राख्ने र तपाईंलाई सुझाव दिने;
- प्रमाण (सबुत) पेश गर्ने, साक्षीहरूको सामना गर्ने र उनीहरूसँग जिरह गर्ने (प्रश्न सोध्ने) र साक्षीहरूको उपस्थितिलाई आवश्यक गराउने (डिस्ट्रिक्टले तपाईंलाई नयाँ मुद्दाहरू उठाउन सहमति नदिएसम्म तपाईंले आफ्नो उचित प्रक्रिया उजुरीमा उठान गर्नुभएका मामिलाहरूमा मात्र सुनुवाईले सम्बोधन गर्नेछ);
- सुनुवाई भन्दा पूर्व कम्तीमा पाँच कार्यालय दिन पहिले तपाईंलाई नदेखाइएका कुनै पनि प्रमाणको पेशीलाई निषेध गर्ने; र
- तपाईंलाई कुनै खर्च नलाग्नेगरी, सुनुवाईको अक्षरशः सबै कुराहरू लेखिएका वा तपाईंले विद्युतीय माध्यम रोज्नुभएमा सुनुवाईको रेकर्ड र निष्कर्ष तथा निर्णयहरूका कुनै पनि रेकर्डहरू प्राप्त गर्ने ।

### यदि  तपाईंको साथमा आधिकारिक वकिल नभएका अधिवक्ताहरू आएमा

यदि तपाईंको साथमा  आधिकारिक वकिल नभएका अधिवक्ताहरू आएमा यी व्यक्तिहरूलाई अर्को पक्षबाट अधिवक्ताको (वकीलको) शुल्क (वा उनीहरूको सेवाको लागि अन्य कुनै पनि शुल्क) प्राप्त गर्ने अधिकार हुँदैन । उक्त अधिवक्ताले सुनुवाईमा कानूनको अभ्यास गर्न सक्दैनन् र प्रक्रिया अवधिमा अधिवक्ताको संलग्नता सीमित गराउन सकिनेछ ।

## शीघ्र उचित प्रक्रिया उजुरी र यसको टाइमलाइन

शीघ्र उचित प्रक्रिया सुनुवाई भनेको निश्चित विशेष शिक्षाका विवादहरूलाई शीघ्र रूपमा समाधान गर्न सहजीकरण गर्ने अझ बढी शीघ्र टाइमलाइनहरू भएको सुनुवाई हो । तपाईं वा डिस्ट्रिक्ट मध्ये कुनै एकले निम्न अवस्थाहरूमा शीघ्र उचित प्रक्रिया सुनुवाईका लागि अनुरोध पेश गर्न सक्नुहुन्छ:

1. यदि तपाईं आफ्नो बच्चाको शैक्षिक स्थान नियोजन (कार्यक्रम वा सेवाहरू) को बारेमा स्कूल डिस्ट्रिक्टको निर्णयसँग असहमत हुनुभएमा र यहीं कारणले गर्दा स्कूलले तपाईंको बच्चालाई अनुशासनात्मक सजाय दिएमा; र
2. यदि तपाईं अभिव्यक्ति निर्धारणका नतिजाहरूसँग असहमत हुनुभएमा; वा
3. यदि स्कूल डिस्ट्रिक्टलाई तपाईंको बच्चाको हालको शैक्षिक स्थान नियोजन (कार्यक्रम वा सेवाहरू) ले वास्तवमा तपाईंको बच्चा वा अरूहरूलाई चोटपटक लाग्ने परिणाम निम्त्याउन सक्छ भन्ने लागेमा ।

शीघ्र उचित प्रक्रिया उजुरीको टाइमलाइनमा 15 क्यालेन्डर दिनको समाधान अवधि र 20 विद्यालय दिनको सुनुवाई टाइमलाइन रहेको हुन्छ । स्कूल डिस्ट्रिक्टले उचित प्रक्रिया उजुरी प्राप्त गरेको मितिले सात क्यालेन्डर दिन भित्रमा समाधान बैठकका लागि समय मिलाउनुपर्छ । शीघ्र उचित प्रक्रिया सुनुवाई समाप्त भएपछि, सुनुवाई अधिकारीसँग अन्तिम निर्णय लेख्न र उक्त निर्णय तपाईं र डिस्ट्रिक्टलाई उपलब्ध गराउन 10 विद्यालय दिनको समय रहन्छ । शीघ्र उचित प्रक्रिया उजुरीमा अतिरिक्त समय थप गरिने छैन ।



## निर्णयको विरुद्धमा पुनरावेदन गर्ने

असन्तुष्ट पक्षले निर्णय प्राप्त गरेको 45 दिन भित्रमा ओहायो शिक्षा विभागमा सिधै पुनरावेदन पेश नगरेसम्म उचित प्रक्रिया सुनुवाईको निष्कर्षको रूपमा निष्पक्ष सुनुवाई अधिकारीले गरेको निर्णय नै अन्तिम हुन्छ । असन्तुष्ट पक्ष भनेको सुनुवाई अधिकारीको निर्णय पक्षलाई प्रतिकूल हुने (जसको अर्थ जित्न नसकेको पक्ष) अभिभावक वा डिस्ट्रिक्ट मध्ये एउटा पक्ष हो ।

### सुनुवाई अधिकारीका निर्णयहरू विरुद्ध कसरी पुनरावेदन गर्ने

सुनुवाई अधिकारीको निर्णय विरुद्ध पुनरावेदन गर्न तपाईंले आफ्नो पुनरावेदनको एक प्रति लिखित रूपमा विभाग र अर्को एक प्रति आफ्नो स्कूल डिस्ट्रिक्टको सुपरिटेन्डेन्ट कहाँ पठाउनुपर्छ । उचित प्रक्रिया निर्णयको निष्पक्ष समीक्षाका लागि विभागले राज्य-स्तरको समीक्षा अधिकारी (समीक्षा अधिकारी) तोक्नेछ । ओहायो शिक्षा विभागले समीक्षा अधिकारीका लागि भुक्तानी गर्नेछ । समीक्षा अधिकारीले सम्पूर्ण उचित प्रक्रिया सुनुवाईका रेकर्डहरूको जाँच गर्नेछन् । यसका साथै, समीक्षा अधिकारीले सुनुवाईमा उचित प्रक्रिया आवश्यकताहरूको पालना भएको थियो भन्ने निश्चित गर्नेछन् र आवश्यक मानिएका थप प्रमाणहरू खोज्नेछन् । समीक्षा अधिकारीले तपाईं र स्कूल डिस्ट्रिक्टसँग मौखिक वा लिखित तर्क-वितर्कहरू अनुरोध गर्न सक्नुहुन्छ । यदि समीक्षा अधिकारीले मौखिक तर्क-वितर्कहरू बारे सोचविचार गर्न सुनुवाई सञ्चालन गरेमा तपाईंसँग उचित प्रक्रिया सुनुवाईमा प्रदान गरिएका सबै सुनुवाई अधिकारहरू (पृष्ठ 25 हेर्नुहोस्) यस सुनुवाई अवधिमा पनि समान रूपमा प्रदान गरिन्छ ।

### निष्पक्ष सुनुवाई अधिकारीको निर्णयहरू विरुद्ध पुनरावेदन अनुरोध गर्न

तपाईंले निर्णय प्राप्त गर्नुभएको 45 क्यालेन्डर दिन भित्रमा निष्पक्ष सुनुवाई अधिकारीको निर्णय विरुद्ध लिखित रूपमा आपत्ति जनाउन (पुनरावेदन गर्न) सक्नुहुन्छ । आफ्नो पुनरावेदनलाई निम्नमा पठाउनुहोस्:

Ohio Department of Education
Office for Exceptional Children
Dispute Resolution Section
25 South Front Street
Mail Stop 409
Columbus, Ohio 43215

**अतिरिक्त सहायताका लागि कृपया ओहायो शिक्षा विभागको विशेष किसिमका बालबालिका कार्यालयलाई (614) 466-2650 वा टोल-फ्री (877) 644-6338 मा फोन गर्नुहोस् ।**

### टाइमलाइन/एक्स्टेनसनहरू

अभिभावक वा डिस्ट्रिक्ट मध्ये कसैको पनि अनुरोधमा थप समय नदिएसम्म विभागले तपाईंको राज्य-स्तरको समीक्षा अनुरोध प्राप्त गरेको 30 दिन भित्रमा समीक्षा अधिकारीले निर्णय जारी गर्नुहुनेछ (यद्यपि, यो कुरा ध्यानमा राख्नुहोस् कि शीघ्र उचित प्रक्रिया सुनुवाईको पुनरावेदन अवधिमा समय थप गर्नेको अनुमति दिन सकिंदैन) । तपाईंले समीक्षा अधिकारीका अक्षरशः सबै कुराहरू भएका निष्कर्षहरू र उनको निर्णयका विद्युतीय रेकर्डहरूको विद्युतीय वा लिखित प्रतिहरू पनि अनुरोध गर्न सक्नुहुनेछ ।

### संघीय वा राज्य अदालतमापुनरावेदन गर्ने

राज्य-स्तरको समीक्षा निर्णय विरुद्ध संघीय वा राज्य अदालतमा पुनरावेदन नगरिएसम्म यो नै अन्तिम निर्णय हुन्छ । समीक्षा अधिकारीको निर्णयबाट असन्तुष्ट भएको पक्ष (जसलेजित्न सकेन) सँग समीक्षा अधिकारीको निर्णयको मितिबाट 90 दिन भित्रमा संघीय डिस्ट्रिक्ट अदालतमा वा समीक्षा अधिकारीको निर्णयको सूचना प्राप्त गरेको 45 दिन भित्रमा तपाईंको बच्चाको आवास रहेको स्कूल डिस्ट्रिक्टको काउण्टीको साझा अपील अदालतमा मुद्दा दायर गर्ने अधिकार हुन्छ । अदालतले पक्षहरूको अनुरोधमा रेकर्डहरूको समीक्षा गर्नेछ, थप प्रमाण सुन्नेछ र त्यसपछि प्रस्तुत भएका रेकर्ड र प्रमाणहरूका आधारमा अन्तिम निर्णय गर्नेछ । तपाईंले अदालतमा दायर गर्नुभएको पुनरावेदनका लागि तपाईंले नै अदालतमा लाग्ने खर्च भुक्तानी गर्नुपर्छ तर तपाईंले मुद्दा जित्नुभएमा अदालतको विवेकमा तपाईंसँग अदालत तथा वकीलको शुल्कहरूको (पृष्ठ 28 हेर्नुहोस्) भुक्तानी प्राप्त गर्ने अधिकार पनि हुनसक्छ ।

## उचित प्रक्रिया अवधिमा बालकको स्थिति

- तपाईं र तपाईंको स्कूल डिस्ट्रिक्टले तपाईंको बच्चाको शैक्षिक स्थान नियोजन (प्लेसमेन्ट) परिवर्तन हुन सक्छ भनेर सहमत नभएसम्म उचित प्रक्रिया उजुरी चलिरहँदा तपाईंको बच्चा हालको शैक्षिक नियोजनमा नै रहनुपर्छ वा बस्नुपर्छ ।
- तपाईंको बच्चाको हालको शैक्षिक स्थान नियोजन सबैभन्दा पछिल्लोपटक कार्यान्वयन गरिएको उनको IEP मा व्याख्या गरिएको चाहिं हो ।
- स्कूल डिस्ट्रिक्टको अनुशासनात्मक कारणले गर्दा यदि तपाईंको बच्चालाई अन्तरिम वैकल्पिक शैक्षिक व्यवस्था (IAES – स्कूल भन्दा बाहिरको अस्थायी सिकाइ व्यवस्था) मा राखिएको छ भने सुनुवाई अधिकारीले निर्णय नगर्दासम्म वा तपाईंको बच्चाको डिस्ट्रिक्टको अनुशासनात्मक कार्यवाही समाप्त नहुँदासम्म, जुन अवस्था पहिले आएपनि, तपाईंको बच्चा उक्त शैक्षिक व्यवस्थामा रहिरहनेछन्;
- यदि उचित प्रक्रिया उजुरीमा डिस्ट्रिक्ट भर्ना सम्बन्धी विषय संलग्न छ भने उचित प्रक्रिता पूरा नहुँदासम्म तपाईंको अनुमतिमा तपाईंको बच्चालाई डिस्ट्रिक्टमा भर्ना गरेर राखिनुपर्छ ।
- तपाईंको बच्चा 3 वर्षको पुगेको छ र अब उपरान्त कानून अन्तर्गत प्रारम्भिक हस्तक्षेपको भागको रूपमा रहेका सेवाहरूका लागि योग्य नभएको कारणले गर्दा यदि कानून अन्तर्गत विद्यालय उमेरको भागको रूपमा सेवाहरू सुरु गर्नका निम्ति उचित प्रक्रिया उजुरीका लागि आवेदन गरिएको छ भने स्कूल डिस्ट्रिक्टलाई तपाईंको बच्चाले प्राप्त नगरिरहेका प्रारम्भिक हस्तक्षेप सेवाहरू प्रदान गर्न आवश्यक हुँदैन ।
- यदि तपाईंको बच्चा विशेष शिक्षा सेवाहरूका लागि योग्य भएको पाइएमा र सेवाहरूको प्रारम्भिक प्रावधानका लागि अभिभावकले मञ्जुरी दिनुभएमा स्कूल डिस्ट्रिक्टले अभिभावक र डिस्ट्रिक्टका बीच विवादमा नभएका सेवाहरू प्रदान गर्नुपर्छ ।
- यदि समीक्षा अधिकारीले स्थान परिवर्तन गर्नु उपयुक्त छ भन्ने विषयमा बच्चाको अभिभावकसँग सहमति जनाउनुभएमा स्थान नियोजनलाई स्थिर राख्ने प्रयोजनहरूका लागि राज्य र अभिभावक बीचको सम्झौताको रूपमा लिइनुपर्छ ।

## वकीलको शुल्क

तपाईंले कुनै पनि समयमा तपाईंलाई प्रतिनिधित्व गर्नका लागि उचित प्रक्रिया (वा उचित प्रक्रिया निर्णयको पुनरावेदनको कार्यवाहीहरूमा) मा अधिवक्ता (वकील) राख्न निर्णय गर्न सक्नुहुन्छ तर तपाईंले आफ्नो कानूनी खर्चहरूको आफैं भुक्तानी गर्नुपर्छ । यदि तपाईंले अधिवक्ता राख्ने निर्णय गर्नुभयो र तपाईंले आफ्नो उचित प्रक्रिया सुनुवाईसँग सम्बन्धित कुनै कार्य वा कार्यवाहीमा जित्नुभयो (आफू अनुकूलको निर्णय प्राप्त गर्नुभयो) (अर्थात् तपाईं विजयी पक्ष हुनुभयो) भने अदालतले तपाईंलाई आफ्नो अधिवक्ताको मनासिब शुल्क भुक्तानी गर्न डिस्ट्रिक्टलाई आदेश दिन सक्छ ।

### यदि डिस्ट्रिक्टले जितेमा

यदि डिस्ट्रिक्टले जितेमा अदालतले डिस्ट्रिक्टको अधिवक्ताको मनासिब शुल्क भुक्तानी गर्न तपाईंलाई आदेश दिन सक्छ । यदि ओहायो शिक्षा विभाग वा तपाईंको स्कूल डिस्ट्रिक्टले जितेमा अदालतले निम्न मध्ये कुनै एक निर्णयका साथ तिनीहरूको अधिवक्ताको शुल्क भुक्तानी गर्न तपाईं वा तपाईंको अधिवक्तालाई आदेश दिन सक्छ:

- चालिएको कार्यवाही बेकामको, अनुचित वा आधारविहिन थियो;
- चालिएको कार्यवाही स्पष्ट रूपमा बेकामको, अनुचित वा आधारविहिन भएपनि तपाईंले उक्त कानूनी कार्यवाहीलाई अगाडि बढाउन जारी राख्नुभयो; वा
- कार्यवाहीलाई सताउने, अनावश्यक विलम्ब गराउने वा अनावश्यक रूपमा कानूनी शुल्कहरूको खर्च वृद्धि गराउने जस्ता अनुचित प्रयोजनका लागि अगाडि बढाइएको थियो ।

### यदि अदालतले तपाईं वा डिस्ट्रिक्टलाई कानूनी शुल्कहरू पुन: भुक्तानी गर्ने आदेश दिएमा

यदि अदालतले तपाईं वा डिस्ट्रिक्टलाई कानूनी शुल्कहरू पुन: भुक्तानी गर्ने आदेश दिन्छ भने अदालतले यसमा मनासिब रकम निर्धारण गर्नेछ । अधिवक्ताको शुल्कहरू कार्यवाही वा प्रक्रिया चलेको समुदायको प्रचलित दर र उपलब्ध गराइएको सेवाहरूको प्रकार र गुणस्तरको आधारमा हुनुपर्छ । अधिवक्ताको शुल्कहरू तोक्ने अदालतको क्षमतामा निश्चित सीमाहरू लाग्छन् । अदालतले निम्न अवस्थाहरूमा अधिवक्ताको शुल्कहरू तोक्न सक्दैन:

- कार्यवाहीको 10 दिन भित्रमा विवाद साम्य पार्न डिस्ट्रिक्टले लिखित प्रस्ताव गर्दा तपाईंले उक्त प्रस्तावलाई 10 दिन भित्रमा स्वीकार गर्नुहुन्न र मुद्दाको निर्णय डिस्ट्रिक्टले प्रस्ताव गरेको प्रस्तावित फस्यौंट सम्झौता भन्दा तपाईंको लागि कम फाइदाजनक हुँदा;
  - यद्यपि, यदि तपाईंले अदालती कार्यवाहीमा जित्नुभएमा र अदालतले तपाईंले डिस्ट्रिक्टले प्रस्ताव गरेको फस्यौंट सम्झौता स्वीकार नगरेर वास्तमा न्याय प्राप्त गर्नुभयो (तपाईंसँग स्वीकार नगर्ने उचित कारण थियो) भन्ने निर्णय गरेमा अदालतले तपाईंको लागेको खर्चहरूको भुक्तानी गर्न आदेश दिन पनि सक्छ;
- प्रशासनिक सुनुवाई वा अदालती कार्यवाहीको परिणाम स्वरूप बोलाइएको IEP बैठक नभएसम्म उक्त बैठकमा तपाईंको वकीलको सहभागिताका लागि; र
- समाधान बैठकमा तपाईंको वकीलको सहभागिताका लागि ।

### अधिवक्ताको शुल्क कम गर्ने

निम्न अवस्थामा अदालतले अधिवक्ताको शुल्क रकम कम गर्न आदेश दिन सक्नेछ:

- यदि कार्यवाहीको अवधिमा तपाईं वा तपाईंको वकीलले विवादको अन्तिम समाधानमा अनुचित रूपमा विलम्ब गराउनुभएमा;
- तुलनात्मक रूपमा मनासिब सीप, ख्याति तथा अनुभव भएका अधिवक्ताहरूद्वारा प्रदान गरिएका समान सेवाहरूका लागि समुदायमा कायम रहेको प्रचलित घण्टाको दर भन्दा तपाईंको अधिवक्ताको शुल्क रकम अत्यधिक बढी भएमा;
- कार्य वा कार्यवाहीको प्रकृतिलाई विचारमा राखेर खर्च भएको समय र तपाईंले प्राप्त गर्नुभएका कानूनी सेवाहरू अधिक  (एकदमै धेरै) भएमा;
- तपाईंको वकीलले तपाईंको उजुरी सूचनामा स्कूल डिस्ट्रिक्टलाई उपयुक्त जानकारी प्रदान नगरेमा ।

यदि अदालतले राज्य वा स्कूल डिस्ट्रिक्टले अनुचित रूपमा कार्यवाही वा प्रक्रियाको अन्तिम समाधानमा विलम्ब गराएको वा IDEA को प्रक्रियात्मक सुरक्षा उपायहरूको उल्लङ्घन गरेको पाएमा माथिका कुनै पनि लागू हुँदैनन् ।

# अनुशासन

## अपाङ्गता भएका बालबालिकाहरूका लागि अनुशासनात्मक प्रक्रियाहरू

केही मामिलाहरूमा, डिस्ट्रिक्टले तपाईंको बच्चालाई उनको हालको शैक्षिक स्थान नियोजन (उनको हालको शैक्षिक स्थान नियोजनको थप जानकारीका लागि आफ्नो बच्चाको IEP हेर्नुहोस्) बाट निलम्बन, खारेज वा हटाइएको भएतापनि तपाईंको स्कूल डिस्ट्रिक्टले अपाङ्गता भएको तपाईंको बच्चालाई विशेष शिक्षा सेवाहरू प्रदान गर्न जारी राख्नुपर्ने हुनसक्छ ।

### शैक्षिक स्थान नियोजन र विकल्पहरू

यदि 10 भन्दा कम लगातार स्कूल दिनका लागि स्कूल डिस्ट्रिक्टका नियमहरू उल्लङ्घन गरेको कारण तपाईंको बच्चालाई उनको हालको शैक्षिक स्थान नियोजनबाट हटाइएको छ भने डिस्ट्रिक्टले उक्त समयमा तपाईंको बच्चालाई विशेष शिक्षा सेवाहरू प्रदान गर्नुपर्दैन । यदि तपाईंको बच्चालाई स्कूलबाट *10 भन्दा धेरै लगातार स्कूल दिनका लागि* हटाइएको छ भने अर्को शैक्षिक व्यवस्था (उदाहरणको लागि, अर्को कक्षाकोठा, भवन वा विद्यार्थीको घरमा) मा भएपनि स्कूलले तपाईंको बच्चालाई विशेष शिक्षा सेवाहरू प्रदान गर्न जारी राख्नुपर्छ ।

यदि एउटै शैक्षिक वर्षमा स्कूल डिस्ट्रिक्टले तपाईंको बच्चालाई उनको हालको स्थान नियोजनबाट 10 भन्दा धेरै लगातार स्कूल दिनका लागि हटाउँछ भने यसलाई तपाईंको बच्चाको शैक्षिक स्थान नियोजनको परिवर्तन मानिन्छ ।

यदि स्कूल डिस्ट्रिक्टले तपाईंको बच्चालाई उनको हालको शैक्षिक स्थान नियोजनमा छुट्टाछुट्टै अवसरहरूमा हटाएको छ (हटाउनेको श्रृङ्खला) र जसलाई जोड्दा एक शैक्षिक वर्षमा 10 दिन भन्दा बढी हुन्छ भने ती हटाइएका दिनले तपाईंको बच्चाको शैक्षिक नियोजनमा परिवर्तन ल्याउँछ कि ल्याउँदैन भनेर डिस्ट्रिक्टले निर्धारण गर्नुपर्छ । यो निर्धारण गर्दा, डिस्ट्रिक्टले निम्न कारक तत्वहरूलाई ध्यानमा राख्नुपर्छः

- तपाईंको बच्चालाई हटाइएको प्रत्येक पटकको समयावधि;
- तपाईंको बच्चालाई हटाइएको कूल समयावधि;
- हटाइएको समय बीच कति नजिकको अन्तर थियो; र
- तपाईंको बच्चालाई हटाइएको पूर्व घटनाहरूमा तपाईंको बच्चाको व्यवहारसँग उनको व्यवहारको समानता ।

तपाईंको बच्चाले स्कूलका नियमहरूको पालना नगरेको कारण बच्चाको शैक्षिक स्थान नियोजन परिवर्तन गर्दा, स्कूल डिस्ट्रिक्ट, अभिभावक र IEP टोलीका उपयुक्त सदस्यहरूले अभिव्यक्ति निर्धारण समीक्षा गर्न बैठक बस्नुपर्छ । अभिव्यक्ति निर्धारण समीक्षाको प्रयोजन भनेको तपाईंको बच्चाको व्यवहार उनको अपाङ्गताको कारणले गर्दा भएको वा उनको अपाङ्गतासँग प्रत्यक्ष र मजबुत सम्बन्ध थियो भनी निर्धारण गर्नु हो ।



## अभिव्यक्ति निर्धारण

अनुशासनात्मक कारणहरूले गर्दा तपाईंको बच्चाको शैक्षिक स्थान नियोजन परिवर्तन गर्नु अघि तपाईंको बच्चाको अधिकारहरू सुरक्षित गर्न स्कूल डिस्ट्रिक्टले निश्चित कदमहरू चाल्नुपर्छ । ती मध्ये एउटा कदम भनेको अभिव्यक्ति निर्धारण (manifestation determination) समीक्षा बैठक राख्नु हो । यो बैठक तपाईंको बच्चाको व्यवहार उनको अपाङ्गताको कारणले भएको थियो वा उनको अपाङ्गतासँग प्रत्यक्ष र मजबुत सम्बन्ध थियो भनी निर्धारण गर्नका लागि हो । अर्को शब्दमा, के तपाईंको बच्चाको व्यवहार उनको अपाङ्गताको कारण भएको थियो ? शैक्षिक स्थान नियोजन परिवर्तन गर्ने कुनै पनि निर्णय भएको 10 स्कूल दिन भित्रमा तपाईंको बच्चाको व्यवहार उनको अपाङ्गताको कारणले भएको थियो वा थिएन भनी विद्यार्थीको IEP टोलीले निर्धारण गर्नेछ ।

**कृपया टिपोट गर्नुहोस्**

**तपाईंको बच्चाले स्कूलका अन्य विद्यार्थीहरूले जस्तै समान नियम र अनुशासनको पालना गर्नुपर्छ र IEP मा व्याख्या गरिएका सेवाहरू प्राप्त गर्न जारी राख्नेछन् तर समान स्थान नियोजनमा नहुन सक्छन् ।**

### अभिव्यक्ति निर्धारण समीक्षा बैठक

अभिव्यक्ति निर्धारण समीक्षा बैठकमा, तपाईं र IEP टोलीका अन्य सदस्यहरूले तपाईंको बच्चाको IEP, शिक्षक अवलोकनहरू र उपलब्ध गराइएका कुनै पनि सम्बन्धित जानकारी सहित सम्बद्ध जानकारीको समीक्षा गर्नुहुन्छ ।

यदि व्यवहार नै तपाईंको बच्चाको अपाङ्गताको अभिव्यक्ति हो भने स्थान नियोजनको परिवर्तनका लागि IEP टोलीले सहमति नजनाएसम्म तपाईंको बच्चालाई जहाँबाट हटाइएको थियो त्यही स्थान नियोजनमा फिर्ता पठाइनेछ ।

यदि तपाईंको बच्चाको व्यवहार अपाङ्गताको अभिव्यक्ति हो भनी पत्ता लागेमा IEP टोलीले:

1. 10 दिन भित्रमा कार्यात्मक व्यवहारात्मक मूल्याङ्कन सुरु गर्नुपर्छ र यसलाई छिटो भन्दा छिटो पूरा गर्नुपर्छ । कार्यात्मक व्यवहारात्मक मूल्याङ्कन तपाईंको बच्चाको व्यवहारको समीक्षा हो जसलाई उनको वातावरणमा रहेको के कुराले अनुपयुक्त व्यवहारलाई सुरु गराउँछ, र साथै बच्चालाई कुन-कुन प्रतिस्थापन व्यवहारहरू सिकाउन आवश्यक छ ताकि बच्चाले सकारात्मक नतिजाहरू र पृष्ठपोषण प्राप्त गर्न सकून्, भन्ने कुरा निर्धारण गर्न प्रयोग गरिन्छ; र
2. यदि कार्यात्मक व्यवहारात्मक मूल्याङ्कनलाई पहिले नै पूरा गरिएको छ र यो अनुशासनसँग सम्बन्धित छ भने आफ्नो बच्चाको लागि व्यवहारात्मक हस्तक्षेप योजना सुरु गर्नुहोस् । (व्यवहारात्मक हस्तक्षेप योजनाले विद्यालयका लागि उपयुक्त नहुने व्यवहारहरू र विद्यालयले तिनीहरूलाई कम गर्न प्रयास गर्ने विशेष तरिकाहरूलाई सम्बोधन गर्छ); वा
3. यदि व्यवहारात्मक हस्तक्षेप योजना पहिलेदेखि नै रहेको छ भने योजनाको समीक्षा गर्नुहोस् र 10 दिन भित्रमा आवश्यक परिवर्तनहरू गर्नुहोस् ।



## अन्तरिम वैकल्पिक (अस्थायी र भिन्न) शैक्षिक व्यवस्था

तपाईंको बच्चाको IEP टोलीद्वारा तपाईंको बच्चालाई अन्तरिम वैकल्पिक शैक्षिक व्यवस्था (IAES) मा राख्ने निर्णय गरिन्छ । IAES तपाईंको बच्चाले विशेष शिक्षा प्राप्त गर्ने अस्थायी, भिन्न स्थान नियोजन हो । तपाईंको बच्चाले विद्यालयको नियम उल्लङ्घन गरेकाले IEP टोलीले तपाईंको बच्चाको स्थान नियोजनलाई IAES मा परिवर्तन गर्ने निर्णय गरेको मितिमा, स्कूल डिस्ट्रिक्टले तपाईंलाई उक्त निर्णयको बारेमा सूचित गर्नुपर्छ र तपाईंला यो विशेष शिक्षामा अभिभावकका अधिकारहरूको निर्देशिका दिनुपर्छ ।

तपाईंको बच्चाको व्यवहार उनको अपाङ्गताको कारणले भएतापनि, निम्नलिखित कारणहरूमा डिस्ट्रिक्टले उनलाई हटाएर 45 विद्यालय दिनसम्म IAES मा राख्न सक्छ:

- यदि तपाईंले हतियार ल्याएमा;
- जानाजान अवैध लागूऔषधहरू राख्ने वा सेवन गर्ने गरेमा, वा नियन्त्रित लागूपदार्थ (उदाहरणको लागि नार्कोटिक्स) बेच्ने वा किनबेच गर्ने प्रयास गरेमा; वा
- अर्को व्यक्तिलाई गम्भीर शारीरिक चोट पुर्‍याएमा ।

यो सामान्यतया तपाईंको बच्चाले आफू विद्यालय आउँदा-जाँदा, विद्यालयमा वा विद्यालय समारोहमा यस्तो व्यवहार देखाएमा लागू हुन्छ ।

यदि तपाईंको बच्चाको व्यवहार ***प्रत्यक्ष रूपमा तपाईंको बच्चाको अपाङ्गताको कारणले गर्दा भएको थिएन भने*** अपाङ्गता नभएको बच्चालाई अनुशासित गर्न जति समय राखिनुपर्छ तपाईंको बच्चालाई पनि IAES मा त्यति नै समयको लागि राखिन सकिनेछ ।

यदि तपाईंको बच्चाको व्यवहार ***उनको अपाङ्गतासँग प्रत्यक्ष रूपमा सम्बन्धित थियो वा यसद्वारा भएको थियो*** र तपाईंको बच्चाले स्कूलका नियमहरूको उल्लङ्घन गरेका थिए भने व्यवहारात्मक हस्तक्षेप योजना वा IEP मा परिवर्तनको भागको रूपमा स्थान नियोजनको परिवर्तनका लागि तपाईं र स्कूल डिस्ट्रिक्ट सहमत नभएसम्म तपाईंको बच्चालाई उनलाई हटाइएको शैक्षिक व्यवस्थामा फिर्ता पठाइनुपर्छ ।

यद्यपि, यदि डिस्ट्रिक्टलाई तपाईंको बच्चालाई उनको हालको शैक्षिक स्थान नियोजनमा राख्नाले (तपाईंको बच्चाको IEP अनुसार) तपाईंको बच्चा वा अरूहरूलाई चोटपटक लाग्न सक्ने सम्भावना छ भन्ने विश्वास लाग्छ भने यस विषयमा छलफल गर्न स्कूल डिस्ट्रिक्टले IEP बैठक बोलाउन सक्छ । यदि तपाईं र डिस्ट्रिक्टले स्थान नियोजनको परिवर्तनमा असहमति जनाउनुभएमा डिस्ट्रिक्टले शीघ्र उचित प्रक्रिया सुनुवाईका लागि अनुरोध गर्न सक्छ - अर्को शब्दमा, यसले शीघ्र समाधानका लागि फास्ट-ट्र्याक गरिएको उचित प्रक्रिया सुनुवाई अनुरोध गर्न सक्नेछ (पृष्ठ 25 मा शीघ्र उचित प्रक्रिया हेर्नुहोस्)।

### यदि तपाईं शैक्षिक स्थान नियोजनको परिवर्तन वा अभिव्यक्ति निर्धारण समीक्षा सुनुवाईको निष्कर्षसँग सहमत हुनुहुन्न भने

तपाईंले अनुशासनको कारण आफ्नो बच्चाको हालको शैक्षिक व्यवस्था परिवर्तन गर्ने निर्णयलाई चुनौती दिन वा अभिव्यक्ति निर्धारण समीक्षाका निष्कर्षहरूलाई चुनौती दिन तपाईंले शीघ्र उचित प्रक्रिया सुनुवाईका लागि अनुरोध गर्न सक्नुहुन्छ । (पृष्ठ 24 - 25 मा उचित प्रक्रिया जानकारी हेर्नुहोस्) । तपाईंको बच्चाको स्थान नियोजन परिवर्तन हुँदा स्कूल डिस्ट्रिक्टले आवश्यकताहरूको पालना गरेको थियो वा डिस्ट्रिक्टले तपाईंको बच्चाको व्यवहार उनको अपाङ्गताको अभिव्यक्तिको कारण थियो वा थिएन भनेर देखाएको छ वा छैन भनी निष्पक्ष सुनुवाई अधिकारीले शीघ्र उचित सुनुवाई अवधिमा निर्णय गर्नेछन् ।


माथि उल्लेख गरिए अनुरूप, यदि डिस्ट्रिक्टलाई तपाईंको बच्चाको स्थान नियोजन जारी राख्नाले तपाईंको बच्चा वा अन्यहरूलाई चोटपटक लाग्ने धेरै सम्भावना छ भन्ने लागेमा स्कूल डिस्ट्रिक्टले शीघ्र उचित प्रक्रिया सुनुवाईका लागि अनुरोध गर्न सक्छ । (पृष्ठ 25 मा शीघ्र उचित प्रक्रिया हेर्नुहोस्) ।

### तपाईंको बच्चाको व्यवहार शंकास्पद अपाङ्गताको कारणले हुँदा

**यदि तपाईंको बच्चाको IEP छैन भने तपाईंले तपाईंको बच्चाले स्कूलको नियमको उल्लङ्घन गर्नु पूर्व यदि तलका मध्ये कुनै घटना घटेमा तपाईंले आफ्नो बच्चालाई अपाङ्गता भएको बच्चाको रूपमा व्यवहार गर्नका लागि स्कूललाई अनुरोध गर्न सक्नुहुन्छ:**

- **तपाईंलाई आफ्नो बच्चालाई विशेष शिक्षा सेवाहरू आवश्यक हुनसक्छ भन्ने लागेकाले तपाईंले लिखित रूपमा स्कूलका प्रमुखहरू वा तपाईंको बच्चाको शिक्षकलाई जानकारी गराउनुभएको थियो; वा**
- **तपाईंले आफ्नो बच्चाको मूल्याङ्कन गर्न अनुरोध गर्नुभएको थियो; वा**
- **तपाईंको बच्चाको शिक्षक वा स्कूल डिस्ट्रिक्टका अन्य कर्मचारीले तपाईंको बच्चाको व्यवहारको ढाँचा बारेमा विशेष सरोकार भएको कुरा विशेष शिक्षाका निर्देशक वा व्यवस्थापनका अन्य कर्मचारीलाई प्रत्यक्ष रूपमा बताउनुभएको थियो ।**

**यदि तपाईंले आफ्नो बच्चाको लागि विशेष शिक्षाको मूल्याङ्कनका लागि डिस्ट्रिक्टलाई अनुमति दिन अस्वीकार गर्नुभयो भने तपाईंको स्कूल डिस्ट्रिक्टले तपाईंको बच्चालाई अपाङ्गता भएको बच्चाको रूपमा व्यवहार गर्ने आशा गरिने छैन । यदि तपाईंले आफ्नो बच्चाका लागि विशेष शिक्षा र सम्बन्धित सेवाहरू अस्वीकार गर्नुभएमा वा तपाईंको बच्चाको मूल्याङ्कन गरियो र टोलीले तपाईंको बच्चामा अपाङ्गता नभएको निर्णय गरेमा पनि यो सही हुन्छ । डिस्ट्रिक्टले अपाङ्गता नभएका विद्यार्थीहरूलाई गर्ने व्यवहारलाई तपाईंको बच्चामा पनि समान रूपमा प्रयोग गरेर तपाईंको बच्चालाई अनुशासित बनाउन सक्छ ।**



# अभिभावकहरूद्वारा सरकारी खर्चमा अपाङ्गता भएका बालबालिकाहरूको निजी विद्यालयमा एकपक्षीय स्थान नियोजन

## सोधभर्ना निर्धारण प्रक्रिया

यदि तपाईंले आफ्नो बच्चालाई निजी स्कूलमा राख्न निर्णय गर्नुभएमा डिस्ट्रिक्टले तपाईंको बच्चालाई नि:शुल्क उपयुक्त सरकारी शिक्षा (Free Appropriate Public Education, FAPE) प्रदान गर्दासम्म तपाईंको डिस्ट्रिक्टले निजी स्कूलमा शिक्षाको खर्च वा विशेष शिक्षा र सम्बन्धित सेवाहरूका लागि भुक्तानी गर्नुपर्दैन । यदि तपाईंलाई आफ्नो बच्चाका लागि तपाईंको डिस्ट्रिक्टले FAPE प्रदान गर्न असफल भयो भन्ने लाग्छ भने तपाईंसँग उचित प्रक्रिया उजुरी दायर गर्ने विकल्प हुन्छ जहाँ सुनुवाई हुनेछ र निष्पक्ष सुनुवाई अधिकारीले डिस्ट्रिक्टले तपाईंको बच्चालाई FAPE प्रदान गर्‍यो वा गरेन भनी निर्णय जारी गर्नुहुनेछ (पृष्ठ 21-27 मा उचित प्रक्रिया जानकारी हेर्नुहोस्) । यदि उचित प्रक्रिया अवधिमा तपाईंको डिस्ट्रिक्टले FAPE प्रदान गरेको थिएन भनी निष्पक्ष सुनुवाई अधिकारीले निर्धारण गरेमा तपाईंको बच्चालाई निजी स्कूलमा भर्ना गर्दा लागेको खर्चको सोधभर्ना (रकम फिर्ता गर्ने) गर्ने अधिकार तपाईंसँग हुन्छ भनी सुनुवाई अधिकारीले निर्णय गर्न सक्नुहुन्छ ।

### सोधभर्नालाई कम गर्ने वा सोधभर्नालाई छाड्ने

निम्न मध्ये कुनै एक अवस्था आएमा डिस्ट्रिक्टले तपाईंलाई सोधभर्ना गर्न आवश्यक रहेको रकमलाई कम गर्न वा तपाईंले पूरै सोधभर्नालाई छोड्नुपर्ने हुनसक्छ:

- तपाईंले आफ्नो बच्चालाई स्कूलबाट हटाउनु अघि IEP बैठकमा तपाईंले IEP टोलीद्वारा प्रस्तावित शैक्षिक स्थान नियोजन स्वीकार गर्नुहुने छैन भनी नबताएमा र तपाईंले आफ्ना चिन्ताहरूका बारेमा र तपाईंले आफ्नो बच्चालाई निजी स्कूलमा भर्ना गराउने योजना बनाउनुभएको छ भनी उनीहरूलाई जानकारी नगराएमा; वा
- तपाईंले IEP स्वीकार गर्नुहुन्न र आफ्नो बच्चालाई निजी स्कूलमा भर्ना गराउने तपाईंको योजनाका बारेमा डिस्ट्रिक्टबाट आफ्नो बच्चालाई निकाल्नु अघि कम्तीमा पनि 10 कार्यालय दिन अघि लिखित रूपमा स्कूललाई जानकारी नगराएमा । यी 10 कार्यालय दिनमा हप्तामा पर्ने बिदाहरू पनि समावेश हुन्छन्; वा
- यदि तपाईंले आफ्नो बच्चालाई स्कूलबाट हटाउनुभन्दा अगाडि डिस्ट्रिक्टले तपाईंको बच्चालाई मूल्याङ्कन गर्ने आफ्नो योजनाको बारेमा तपाईंलाई लिखित सूचना दिएको थियो र तपाईंले आफ्नो बच्चालाई मूल्याङ्कनको लागि नल्याउनुभएमा; वा
- तपाईंले अनुचित रूपमा व्यवहार गर्नुभयो भनी अदालतले निर्धारण गरेमा ।

### सोधभर्नाको सुरक्षा

निम्न अवस्थामा सोधभर्ना (तपाईंलाई फिर्ता गरिने रकम) लाई कम गर्न सकिंदैन वा पुन: भुक्तानीलाई अस्वीकार गर्न सकिंदैन:

- सूचना उपलब्ध गराउनमा डिस्ट्रिक्टले तपाईंलाई रोकेको भएमा;
- तपाईंले सूचना उपलब्ध गराउन आवश्यक थियो भनी डिस्ट्रिक्टले तपाईंलाई नबताएमा; वा
- सूचना प्रदान गर्नाले तपाईंको बच्चामा शारीरिक हानी पुग्न सक्ने भएमा ।

साथै, निम्न अवस्थामा अदालत वा सुनुवाई अधिकारीले यो सूचना प्रदान गर्न असफल भएको हुनाले तपाईंलाई दिने सोधभर्नाको रकम कम गर्न वा अस्वीकार गर्न नसकिने निर्णय गर्न सक्नेछ:

- तपाई अङ्ग्रेजी भाषामा पढ्न वा लेख्न सक्नुहुन्न; वा
- सूचना प्रदान गर्नाले तपाईंको बच्चामा गम्भीर भावनात्मक हानी पुग्न सक्ने थियो ।



# अपाङ्गता भएका विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रमको बारेमा अभिभावकलाई सूचना

## सूचना आउँदा

अपाङ्गता भएको बच्चाका लागि स्कूल डिस्ट्रिक्टले हरेक पटक मूल्याङ्कन पूरा गरेपछि वा बच्चाको IEP विकास, समीक्षा वा संशोधन गर्न सुरु गरेपछि, डिस्ट्रिक्टले बच्चाको अभिभावकलाई अटिजम छात्रवृत्ति कार्यक्रम (Autism Scholarship Program) र जोन पिटरसन छात्रवृत्ति कार्यक्रम (Jon Peterson Scholarship Program) को बारेमा बताउनुपर्छ ।

### अटिजम छात्रवृत्ति कार्यक्रम

यदि तपाईंको बच्चाले अटिजमको वर्ग अन्तर्गत विशेष शिक्षा सेवाहरू प्राप्त गरिरहेका छन् भने तपाईं अटिजम छात्रवृत्ति कार्यक्रमका लागि योग्य हुन सक्नुहुन्छ । यस कार्यक्रम अन्तर्गत, तपाईंले आफ्नो बच्चालाई तपाईंको आवास रहेको स्कूल डिस्ट्रिक्टद्वारा सञ्चालित बाहेकको अन्य विशेष शिक्षा कार्यक्रममा पठाउन रोज्न सक्नुहुन्छ जहाँ तपाईंको बच्चाले उसको वा उनको IEP मा रेखांकित शिक्षा र सेवाहरू प्राप्त गर्नेछ ।

यस कार्यक्रमका लागि योग्य हुन, तपाईंको बच्चा:

- तपाईंको बच्चालाई तपाईंको आवास रहेको स्कूल डिस्ट्रिक्टले अटिजम भएको बच्चा हो भनी निर्धारण गरिएको हुनुपर्छ;
- तपाईंको बच्चाको तपाईंको आवास रहेको स्कूल डिस्ट्रिक्ट आवासबाट हालमा एउटा IEP हुनुपर्छ जसमा तपाईं सहमत हुनुपर्छ र जसको अन्तिम रूप दिइसकिएको हुनुपर्छ; र
- कम्तीमा तीन वर्षको हुनुपर्छ ।

अटिजम छात्रवृत्ति कार्यक्रमको बारेमा जानकारीका लागि, ओहायो शिक्षा विभागको वेबसाइट education.ohio.gov मा जानुहोस् र खोज बाकसमा *Autism Scholarship Program* टाइप गर्नुहोस् वा autismscholarship@education.ohio.gov मा इमेल गर्नुहोस् ।

### जोन पिटरसन विशेष आवश्यकताहरू चाहिने छात्रवृत्ति कार्यक्रम (Jon Peterson Special Needs Scholarship Program)

यदि तपाईंको बच्चाले विशेष शिक्षा सेवाहरू प्राप्त गरिरहेका छन् भने तपाईं जोन पिटरसन विशेष आवश्यकताहरू चाहिने कार्यक्रमका लागि योग्य हुन सक्नुहुन्छ । यस कार्यक्रम अन्तर्गत, तपाईंले आफ्नो बच्चालाई तपाईंको आवास रहेको स्कूल डिस्ट्रिक्टद्वारा सञ्चालन गर्ने बाहेकका अन्य विशेष शिक्षा कार्यक्रममा पठाउन रोज्न सक्नुहुन्छ जहाँ तपाईंको बच्चाले उनको IEP मा खाका तयार गरिएका शिक्षा तथा सेवाहरू प्राप्त गर्नेछन् ।

जोन पिटरसन विशेष आवश्यकताहरू चाहिने छात्रवृत्तिका लागि योग्य हुन:

- तपाईंको बच्चालाई तपाईंको आवास रहेको स्थानीय स्कूल डिस्ट्रिक्टले अपाङ्गता भएको बच्चा हो भनी निर्धारण गरिएको हुनुपर्छ;
- तपाईंको बच्चाको तपाईंको आवास रहेको स्कूल डिस्ट्रिक्टबाट हालमा एउटा IEP हुनुपर्छ जसमा तपाईं सहमत हुनुपर्छ र जसको अन्तिम रूप दिइसकिएको हुनुपर्छ; र
- तपाईंको बच्चा किन्डरगार्टेनदेखि ग्रेड 12 सम्म पढ्न योग्य हुनुपर्छ ।

जोन पिटरसन विशेष आवश्यकताहरू चाहिने छात्रवृत्ति कार्यक्रमको बारेमा जानकारीका लागि ओहायो शिक्षा विभागको वेबसाइट education.ohio.gov मा जानुहोस् र खोज बाकसमा *Jon Peterson Scholarship* टाइप गर्नुहोस् वा peterson.scholarship@education.ohio.gov मा इमेल गर्नुहोस् ।

### थप जानकारी

छात्रवृत्ति कार्यक्रमहरूको जानकारी ओहायो शिक्षा विभागको वेबसाइट education.ohio.gov मा उपलब्ध छ ।

यी छात्रवृत्ति कार्यक्रमहरूको बारेमा थप जानकारीका लागि वा कुनै प्रश्नहरू भएमा निम्नमा सम्पर्क गर्नुहोस्:
गैरसरकारी शिक्षा विकल्पहरूको कार्यालय (Office of Nonpublic Educational Options) लाई (614) 466-5743 मा वा टोल-फ्री: (877) 644-6338 मा ।

Ohio | Department of Education

education.ohio.gov